'औषधि उद्योगलाई आत्मनिर्भरका साथै निर्यातमुखी बनाइने' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक २८३ • २०८२ साल फाल्गुन २९ गते शुक्रबार (13 March, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## धनुषा- १ को विवाद छिनोफानो हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा- १ को निर्वाचन सम्बन्धी विवादको छिनोफानो शुक्रबार हुने भएको छ। निर्वाचन आयोगले धनुषा-१ मा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का मातृकाप्रसाद यादवलाई निर्वाचित भएको मान्यता दिएसँगै आयोगले आफ्नो वेबसाइट विवरण बुधबार नै अपडेट गरेको थियो। तर एक दिन नबित्दै धनुषा-१ का रास्वपाका उम्मेदवार किशोरी साह कमललाई कालोसूचीमा नराख्न भन्दै सर्वोच्च अदालतले कर्जा सूचना केन्द्रको नाममा अन्तरिम आदेश जारी गरेको छ।

साहको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको भन्दै निर्वाचन आयोगले उनको उम्मेदवारी नै खारेज गरेको छ।

साहले उक्त निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर गरेका थिए। सोही रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश शारंगा सुवेदीको एकल इजलासले कालोसूचीबाट नाम हटाउन अन्तरिम आदेश दिएको छ भने कारणदेखाउ आदेश जारी गरेको छ।

आफ्नो नाम गलत ढंगले कालोसूचीमा राखिएको दाबी गर्दै साह सर्वोच्च अदालत पुगेका थिए। इजलासले नेपाल राष्ट्र बैंक र कर्जा सूचना केन्द्रको नाममा अन्तरिम आदेश जारी गरेको छ।

निर्वाचनको दुई दिनअघि मात्रै आयोगले साहको उम्मेदवारी खारेज गर्ने निर्णय गरेको थियो। सो निर्णयविरुद्ध उनले सर्वोच्चमा दिएको रिटमाथि शुक्रबारका लागि पेशी तोकिएको छ।

साह कालोसूचीमा रहेको प्रमाण भेटिएको भन्दै आयोगले फागुन १८ गते उम्मेदवारी खारेज गरेको थियो। त्यसविरुद्ध साह सर्वोच्च अदालत पुगेका थिए।

आयोगले मतगणनामा घण्टीमै सर्वाधिक भोट आएको र साह अदालत पुगेको अवस्थालाई मध्यनजर गर्दै फागुन २४ गते अदालतको आदेश नहुँदासम्म मतपरिणाम सार्वजनिक नगर्ने निर्णय गरेको थियो।

यसैबीच साहको नाममा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी नगरी शुक्रबार पेशीको समय दिएपछि निर्वाचन अधिकृतको कार्यालयले नेकपाका उम्मेदवार यादवलाई निर्वाचित भएको प्रमाणपत्र दिइसकेको छ। यद्यपि, आयोगले सो क्षेत्रको मतपरिणाम आफ्नो सर्भरमा उल्लेख बुधबार बेलुकी नै आयोगले विवरण अपडेट गरेको थियो।

विवरणअनुसार यादवको मत दश हजार ४३० रहेको छ भने नेपाली कांग्रेसका रामपलटन साहले नौ हजार ९०२ र एमालेका रामचन्द्र मण्डले नौ हजार ३१५ मत प्राप्त गरेका छन्। यता, साहको रिट उपर सर्वोच्च अदालतमा शुक्रबार पेशी हुने भएको छ।

### एलपी ग्यास अभाव

# आजदेखि बजारमा आधी तौलको प्रति सिलिण्डर ९५५ रुपैयाँमा पाइने

**टुडे समाचारदाता**

जनकपुरधाम । मध्यपूर्वमा जारी युद्धका कारण इन्धन आपूर्तिमा अवरोध आएपछि भारत सरकारले प्राकृतिक ग्यास र खाना पकाउने ग्यासको वितरणमा कडाइ गरेको छ। सरकारको आदेशपछि पनि ग्यास आपूर्ति रोकिएपछि यसको प्रत्यक्ष असर व्यवसायमा पर्ने भएको छ।

एलपी ग्यासको हाहाकार भएको कृत्रिम अभाव सृजना गरी केही ग्यास व्यवसायीलाई कालोबजारी थालेका छन्। उपभोक्ता र व्यवसायीले निर्धारण गरिएको मूल्यको दोब्बरभन्दा बढी रकम तिर्नुपर्ने बाध्यता रहेको पीडितहरुले बताउँदै गर्दा सरकारले देशैभरि आधी तौलको सिलिण्डर बिक्रि वितरणका लागि काम अगाडि बढाएको छ।

जनकपुरधामसहितका देशैभरि खाना पकाउने एलपी ग्यास कालोबजारी भइरहँदा स्थानीय प्रशासनले कडाइ गरिरहेको दाबी गर्दै आएको थियो। तर सरकारले शुक्रबारदेखि बजारमा आधी तौलको सिलिण्डर ल्याउने तयारी गरेको छ।

नेपाल आयल निगमको सञ्चालक समितिको बिहीबार बसेको बोर्ड बैठकबाट बजारमा आधी तौल (७.१ किलो) को ग्यास सिलिण्डर ल्याउने विषयमा औपचारिक रूपमा निर्णय गरेपछि



शुक्रबारदेखि बजारमा आधी तौलको सिलिण्डर मात्रै बिक्री हुने भएको छ।

नेपाल आयल निगमका एक अधिकारीले जनाए अनुसार बुधबार अपराह्न बसेको बोर्डको बैठकले बजारमा आधी तौलको सिलिण्डर पठाउने निर्णय गरेको छ। उक्त निर्णयअनुसार आवश्यक जानकारी अहिले ग्यास उद्योगलाई पठाउन लागिएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री अनिल सिन्हाको अध्यक्षतामा बुधबार र बिहीबार बसेको बैठकबाट बजारको समस्यालाई समाधान गर्न आधी तौलको सिलिण्डरमा जाने विषयलाई टुंगो लगाइएको थियो। सोहीअनुसार निगमको सञ्चालन समितिले आधी तौलको सिलिण्डरमा जाने निर्णय गरेको छ। उक्त निर्णय शुक्रबारदेखि लागु हुँदैछ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका एक अधिकारीले जनाए अनुसार हल्लाको भरमा उपभोक्ताले आवश्यकताभन्दा बढी परिमाणमा ग्यास सिलिण्डर भण्डारण (जम्माखोरी) गर्न थालेपछि बजारमा अहिले ग्यास लिन ठूलो लाइन नै लाग्न थालेको जिकिर गरेका छन्।

निगमका अनुसार छिमेकी राष्ट्र भारतमा समेत ग्यास वितरणमा समस्या आएको समाचार सार्वजनिक भएपछि नेपाली उपभोक्ताहरूमा आवश्यकताभन्दा बढी ग्यास खरिद गरेर सञ्चय गर्ने प्रवृत्ति बढेको छ।

भारतको इण्डियन आयल कर्पोरेशन (आईओसी) ले पर्याप्त परिमाणमा हालसम्म ग्यास उपलब्ध गराए पनि उपभोक्ताले बढी संख्यामा ग्यास भण्डारण गर्न थालेपछि त्यसको प्रभाव बजारमा परेको मन्त्रालयका ती अधिकारीले बताए।

अहिले पूर्ण तौल (१४.२ किलो) को सिलिण्डरको मूल्य १९१० रुपैयाँ पर्छ। आधी तौलको सिलिण्डरको मूल्य ९५५ रुपैयाँ पर्ने जनाइएको छ।

आधी तौलको सिलिण्डरको बाजारीकरणयोपहिलोपटकनभइयसअघि पनि नाकाबन्दीको बेलामा सरकारले आधी तौलको सिलिण्डरको बाजारीकरण गराएको थियो।

निगमले जनाए अनुसार फागुन २६ सम्ममा भारतबाट साढे ४५ हजार मेट्रिक टन ग्यास आयात भइसकेको छ। गत फेब्रुअरी (माघ १ देखि फागुन २८ सम्म) महिनामा नेपालमा ५० हजार ३ सय मेट्रिक टन खपत भएको आधारमा उक्त मार्च महिना (फागुन १ देखि चैत १७ सम्म) लाई ५२ हजार मेट्रिक टनको कोटा तोकेर उक्त परिमाणमा ग्यास उपलब्ध गराइदिन इण्डियन आयल कर्पोरेशनलाई जानकारी गराइएको निगमले जनाएको छ।

निगमले आम उपभोक्तालाई बजारमा ग्यासको अभाव हुन नदिने र सबैको भान्सामा इन्धन पुऱ्याउने उद्देश्यले उक्त नीति ल्याइएको बताएको छ। अहिलेको असहज परिस्थितिलाई हेरेर थोरै परिमाणमा धेरै उपभोक्तालाई ग्यास उपलब्ध गराउनु नै अहिलेको प्राथमिकता रहेको निगमको बताएको छ।

ग्यास व्यवसायीहरुले एलपी ग्यासको कालोबजारी गरिरहेको भन्दै सेवाग्राहीले गुनासो गर्न थालपेछि कालोबजारी कानुन विपरीत काम भएकाले कोही दोषी पाइए कारबाही गर्ने स्थानीय प्रशासनले जनाउँदै आएको थियो।

ग्यास विक्रेता महासंघ नेपालले संकटका बेला उपभोक्ता ठग्ने विक्रेता र ग्यास उद्योगीहरूलाई पहिचान गरी कडा कानुनी कारबाही गर्न सरकारसंग माग गरेको थियो।

## रास्वपाको विधान संशोधनको गृहकार्य

**टुडे समाचारदाता**

जनकपुरधाम । करिब दुई तिहाइ मत ल्याएका राष्ट्रिय स्वतन्त्र पार्टीले बालेन नेतृत्वको सरकार बनाउनका लागि पार्टीको केन्द्रीय समिति बैठकमार्फत् विधान संशोधन गरेर आगामी प्रतिनिधि सभामा संसदीय दलको नेता छनोट गर्ने भएको छ।

फागुन २१ भएको प्रतिनिधिसभा सदस्य निर्वाचन अघि नै पार्टीका वरिष्ठ नेता साहलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको रास्वपाले विधान संशोधन गरेर संसदीय दलको नेता छनोट गर्न लागेको छ।

निर्वाचन आयोगले औपचारिक रुपमा परिणाम जारी गरेपछि बस्ने केन्द्रीय कमिटी बैठकबाट विधान संशोधन गरिने भएको छ। उक्त बैठकबाट साहलाई संसदीय दलको नेताका रुपमा अगाडि सार्ने निर्णय गरेको छ। रास्वपाको विधानमा संसदीय दलको नेता चुनिएको व्यक्तिमात्रै प्रधानमन्त्री हुन पाउने व्यवस्था छ।

रास्वपाले सम्भव भएसम्म शनिबारसम्ममा सचिवालय बैठकको तयारी गरेको छ। एकजना नेताका अनुसार केन्द्रीय समिति बैठकमा विधान संशोधनको एजेण्डा अगाडि बढाउने तयारी थालिएको छ। त्यसपछि सचिवालय बैठकबाट यसलाई अनुमोदन गरिनेछ। एक चरणको सचिवालय बैठकबाट केन्द्रीय कमिटी बैठक अगाडि नै बस्ने तयारी भइरहेको छ।

तर अहिले पार्टी केन्द्रीय कमिटी र सचिवालय बैठकबारे राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले यकिन धारणा प्रस्तुत गर्न सकेका छैनन्।

पार्टीका वरिष्ठ नेता साह पनि निर्वाचन सकिएलगत्तै दमकमा केही समय गुजारेर काठमाण्डु फर्की विभिन्न टिमसंग संवाद गरिरहेका छन्। दुवै नेताहरू अनौपचारिक रूपमा बसेर केन्द्रीय कमिटी र सचिवालय बैठक बोलाउने विषयमा भने तयारी गरिरहेको छ।

'सभापतिज्यूको स्वास्थ्य समस्या र अरू नेता जिल्लाबाहिर भएकाले छलफल हुन नसकेको छ। तर सभापति र वरिष्ठ नेताज्यूले आन्तरिक रुपमा तयारी भने गरिरहनुभएको छ', ती नेताले भने, 'शुक्रबार या शनिबारसम्म सचिवालय र केन्द्रीय कमिटी बैठक बसाउने तयारी गरिरहेका छौं। बैठकमा प्रस्तुत हुने एजेण्डा र विधान संशोधनका विषयमा शीर्षस्थ तहका नेताहरूबीच संवाद भइरहेको छ।'

केन्द्रीय कमिटीले विधान संशोधन गरेर साहलाई संसदीय दलको नेता र प्रधानमन्त्रीको उम्मेदवार बनाउने विषयमा तलमाथि हुँदैन।

पार्टी उपसभापति डोलप्रसाद डीपी अर्याल निर्वाचनपछि पार्टी रवि लामिछाने र प्रधानमन्त्रीको जिम्मेवारी वरिष्ठ नेता साहले





> केन्द्रीय कमिटीले विधान संशोधन गरेर साहलाई संसदीय दलको नेता र प्रधानमन्त्रीको उम्मेदवार बनाउने विषयमा तलमाथि हुँदैन ।

सम्हाल्ने विषयमा तलमाथि नहुने बताइसकेका छन्। उनले पार्टी र साहबीच सहमति गरेको सात बुँदालाई तलमाथि नगरी कार्यान्वयन गर्न पार्टी दृढ हुने बताए।

यस कारण अब रास्वपाको जिम्मेवारी सभापति लामिछाने र सरकारको जिम्मेवारी वरिष्ठ नेता साह सम्हाल्ने अवस्था छ। लामिछानेको सचिवालयले दिएको जानकारी अनुसार दुवैले आ-आफ्नो भूमिका सम्हाल्दै एक अर्कामा हस्तक्षेप पनि नगर्ने समझदारी जुटिसकेको छ।

गत पुस १३ गते ७ बुँदे सहमति गर्दाका साक्षी शिशिर खनालले पनि अब सरकारको नेतृत्व साह र पार्टी नेतृत्व रविले सम्हाल्ने भन्दा तलमाथि नहुने बताइसकेका छन्। उनले आवश्यक परेको खण्डमा दुवैजनाले समन्वय गरेर छलफलमार्फत् कुरा टुंग्याउने सहमति जुटिसकेको बताए।

'लामिछानेले पार्टी चुस्त र साहले सरकारलाई परिणाममुखी बनाउने विषयमा लगभग सहमति जुटिसकेको छ। सरकारजस्तै पार्टीलाई पनि मजबुत बनाउन थुप्रै काम बाँकी छ। अहिले हाम्रो पार्टीले सदस्य नरहेका व्यक्तिहरूको मत ल्याएको छ। अब संगठनलाई ७७ जिल्लामा पुऱ्याउनु छ। जिल्ला हुँदै वडासम्म कमिटी बनाउने चुनौती छ।'

ती नेताले यसो भने पनि सभापति लामिछानेमाथि सहकारी ठगीसहितका प्रकरणमा विभिन्न जिल्ला मुद्दा विचाराधीन रहेकाले उनी सरकारमा जाने छैनन्।

पार्टी नेताहरू र विज्ञसंग साहले आगामी सरकार कसरी चलाउने, के कस्ता कस्ता कुरामा अन्य पार्टीसंग सहकार्य गर्ने भनेर छलफल गरिरहेका छन्।

यससँगै साहले आफ्नो मन्त्रिपरिषद् सदस्यहरूको नामबारे पनि अध्ययन गरिरहेका छन्।'

साहको सचिवालयका अनुसार मन्त्रिपरिषद् गठन प्रक्रियामा पार्टीका सभापति लामिछाने उपसभापतिद्वय स्वर्णिम वाग्ले, डीपी अर्याल र अन्य शीर्ष नेताहरूबीच कुनै पनि किसिमको तिक्तता छैन।

प्रत्यक्षबाट आएका १२५ जनाले पनि गैरसांसदलाई मन्त्री बनाउने नबनाउने विषयमा कुराकानी भइरहेको छ। नयाँ अनुहारले निर्वाचित नै मन्त्री हुनुपर्ने बताएका छन्।

पार्टीको समानुपातिक सूचीमा रहेका एक नेताका अनुसार वर्तमान अर्थमन्त्री रामेश्वर खनाललाई राष्ट्रियसभामा लगेर त्यही मन्त्रालयमा निरन्तरता दिनबारे पनि छलफल भइरहेको छ। केन्द्रीय कमिटी सदस्य र विज्ञहरूले उनलाई अर्थमन्त्रीमा निरन्तरता दिँदै वाग्लेलाई प्रधानमन्त्रीको अर्थ विज्ञमा राख्न सुझाव दिएको बताइन्छ।

आगामी मन्त्रिपरिषद्मा कस्ता व्यक्ति पुऱ्याउने भन्ने मापदण्ड पार्टीले नै तोकेर बुझाओस् भन्ने साहको चाहना रहेको छ।

मन्त्रिपरिषद्लाई परिणाममुखी बनाउन साहले १५ जनादेखि बढीमा २० सम्मको मन्त्रिपरिषद् मण्डल बनाउने भएका छन्। संवैधानिक व्यवस्था अनुसार तीन राज्यमन्त्रीसहित २५ सदस्यीय मन्त्रिपरिषद् बनाउन सकिन्छ।

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले १५ जनाको मन्त्रिपरिषद बनाए पनि चारजना मन्त्रीहरूले राजीनामा दिएर चुनावमा गए।




# एमालेको समानुपातिक मत बढ्यो

टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमालेको मधेश प्रदेशमा समानुपातिकतर्फ १ लाख ८७ हजार ९०१ मत आएको छ। तर, मधेश प्रदेशमा एमालेका तर्फबाट उम्मेदवारहरूले पाएको मत जोड्दा भने समानुपातिकतर्फ पाएको भन्दा बढी हुन्छ।

एमालेले मधेशका ३२ मध्ये सबै क्षेत्रमा उम्मेदवार उठाएको थियो । प्रत्यक्षतर्फ एउटा क्षेत्रमा पनि जित निकाल्न सकेन । चार क्षेत्रमा दोस्रो, १४ क्षेत्रमा तेस्रो, ९ क्षेत्रमा चौथो, दुई क्षेत्रमा पाचौं र तीन क्षेत्रमा सातौं भएको छ । यी सबै उम्मेदवारले पाएको मत जोड्दा २ लाख २२ हजार ७१३ पुग्दछ।



नेपाली कांग्रेसले भने प्रत्यक्षमा भन्दा समानुपातिक मत नै धेरै पाएको छ । प्रत्यक्षतर्फ कांग्रेसका उम्मेदवारहरूले पाएको मत जोड्दा २ लाख ३७ हजार ७८८ पुग्छ। यो प्रदेशबाट कांग्रेसले समानुपातिकतर्फ भने २ लाख ८७ हजार ३२३ मत पाएको छ।

नेपाली कम्युनिस्ट पार्टीले मधेश प्रदेशबाट समानुपातिकतर्फ १ लाख ७ हजार ६१२ मत पाएको छ। यो पार्टीबाट मधेश प्रदेशमा रहेका उम्मेदवारहरूले पाएको मत जोड्दा १ लाख ५२ हजार ४९७ पुग्छ । मधेश प्रदेशबाट समानुपातिकतर्फ राप्रपाले ३५ हजार ४६२ मत पाएको छ भने समानुपातिकतर्फ श्रम संस्कृति पार्टीको मत ९ हजार ८५४ छ । यो प्रदेशमा राप्रपाका प्रत्यक्षतर्फका उम्मेदवारले पाएको मत जोड्दा १५ हजार ६२२ र श्रम संस्कृति पार्टीका उम्मेदवारले पाएको जोड्दा ४ हजार १६ मत पुग्दछ।

# एमाले नेता थापाको निधन

टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमाले कास्कीका इन्चार्ज कृष्ण थापाको बैठकमा बोल्न क्रममै निधन भएको छ। बिहीबार एमाले कास्कीको कार्यालयमा क्षेत्र नम्बर १ समन्वय कमिटीको समीक्षा बैठकलाई सम्बोधन गर्दागर्दै ढलेका उनको निधन भएको हो।

उनी बोल्दा बोल्दै बेहोस भएर ढलेपछि तत्काल मणिपाल शिक्षण अस्पताल लगिएको थियो। अस्पताल पुर्‍याउने बित्तिकै चिकित्सकले मृत घोषणा गरेका थिए। हृदयघातको सिकार भएका नेता कृष्ण थापालाई घटना भएको ९ मिनेटभित्रै अस्पताल लगिएको थियो। अस्पताल एक्कासि ढल्नुभयो। २ बजेर ५२/५३ मिनेट जाँदा अस्पताल पुर्‍याइएको हो।'

बैठकमा चुनावको समीक्षा भएको थियो। कास्की क्षेत्र नम्बर १ को समीक्षामा उनले पार्टीले व्यहोरेको क्षतिबारे आफूले पूरा जिम्मेवारी लिने बताएका थिए। उनलाई टिकट वितरण र चुनावमा भएको पराजयबारे प्रश्न उठाएका थिए।

थापालाई कास्की २ को सुरुमा टिकट दिए पनि पछि आलोचना भएका कारण रश्मिलाई दिइएको थियो। त्यसपछि उनले आफूमाथि ठुलो षडयन्त्र भएको गुनासो गरिरहेका थिए। थापाको शव अस्पतालमै




स्रोतले दिएको जानकारी अनुसार अस्पताल नपुर्‍याउँदै थापाको प्राण गइसकेको थियो।

मन्तव्य सकेर साथीभाइसँग हात मिलाउने क्रममा एक्कासि ढलेका उनलाई सँगै रहेका नेता टिकाराम पङ्गेनी लगायतका नेताहरूले तत्कालै मणिपाल शिक्षण अस्पताल पुर्‍याएका हुन्। पङ्गेनीले भने, 'दिउँसो २ बजेर ४१ देखि ४३ मिनेटको बीचमा राखिएको छ।

थापा पोखरा महानगरपालिकाका पूर्वमेयर समेत हुन्। फागुन २१ को प्रतिनिधिसभा निर्वाचनका लागि कास्की २ बाट सिफारिस भएपनि अन्तिममा उनको नाम काटिएको थियो। यसअघि उनी २०७९ सालको स्थानीय तह चुनावमा पोखरा उपमहानगरको मेयरका लागि उम्मेदवार बनेका थिए।

# बालेनको घरमा चोरी गर्ने जेल चलान




टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय स्वन्त्रन्त्र पार्टीका वरिष्ठ नेता एवं भावी प्रधानमन्त्री बालेन शाहको घरमा चोरी गरेको आरोपमा पक्राउ परेका तीनजनामध्ये एकजना पुर्पपक्षका लागि कारागार चलान भएका छन् भने दुईजना धरौटीमा छुटेको छ।

जिल्ला अदालत, काठमाडौंले गत २३ माघमा पक्राउ परेका काठमाडौं- १६, बालाजुका ४२ वर्षीय मनीष राजवाहकलाई पुर्पक्षका लागि थुनामा पठाएको हो। उनी २४ भदौको आन्दोलनमा नक्खु कारागारबाट भागेका कैदी हुन् । जेलबाट भागेपछि पनि शृंखलाबद्ध अपराधमा संलग्न भएपछि उनलाई अदालतले कारागार चलान गरेको हो।

यस्तै, सिन्धुपाल्चोकको लिसंखुपाखर- ६ का ४६ वर्षीय खिमबहादुर खड्का र डोटीको दिपायल सिलगडी नगरपालिका-६ का ४५ वर्षीय सञ्जय श्रेष्ठ भने ५०-५० हजार रुपैयाँ धरौटीमा छुटेका छन् । उनीहरूले शाहको घरबाट राजवाहकले चोरी गरेका सामान खरिद गरेका थिए।

गत १६ माघमा काठमाडौं ४ चप्पल कारखानास्थित बालेनको भाडाको घरमा झ्याल भुटाएर चोरी भएको थियो। उनको घरबाट सिसिक्योमरा, ल्यापटप र डिभिआर (भिजिटल भिडियो रेकर्डर) तथा गहनाहरू चोरी भएको थियो।

प्रहरीले अनुसन्धानका लागि छेवाङ सिंगी लामालाई पनि पक्राउ गरेको थियो। चोरी गरेको घडी मनीष राजवाहकले उनलाई उपहार दिएका थिए। उनीहरूबिच लेनदेन नदेखिएको भन्दै सरकारी वकिल कार्यालयले भने उनलाई मुद्दा नचलाउने निर्णय गरेको छ।

चोरी भएको नगद १० हजार र एप्पल कम्पनीको एक लाख ३५ हजार पर्ने आइप्याडको एक लाख ३५ हजार आरोपी राजवाहकबाट भराउन अभियोगमा मागदाबी लिइएको छ। गरगहना भने सुनको नभएको खुलेको छ । बालेनपत्नी सबिना काफ्लेले दिएको जाहेरीका आधारमा प्रहरीले सरकारी वकिल कार्यालमार्फत मुद्दा दायर गरेकोमा गत साता जिल्ला अदालतले थुनछेक आदेश गरेको हो।

# यसवर्ष आँपमा राम्रो मञ्जरी, उत्पादन बढ्ने अपेक्षा



सिरहा । यहाँको धनगढीमाई नगरपालिका–१३, ढुङ्गा टोलका आँपका बगैंचा यतिबेला ढकमक्क मञ्जरीले भरिएका छन् । अघिल्लो वर्षको तुलनामा यस वर्ष आँपका बोटमा प्रशस्त मञ्जरी लागेकाले स्थानीय किसान उत्पादन बढ्ने अपेक्षामा छन् ।धनगढी जस्तै जिल्लामा करिब पाँच हजार हेक्टर क्षेत्रफलमा आँपखेती भइरहेको छ । अधिकांश बोटमा राम्रो मञ्जरी लागेकाले यस वर्ष उत्पादन बढ्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सिरहाले जनाएको छ।

कृषि ज्ञान केन्द्र प्रमुख नरेन्द्र महासेठका अनुसार आँप प्रायः एक वर्ष विराएर फल्ने भएकाले यसवर्ष फल्ने चक्रमा परेकाले बोटमा अत्यधिक मञ्जरी लागेको हो । "आँपका बोटमा राम्रो मञ्जरी देखिएको छ । यसवर्ष उत्पादन बढ्ने सङ्केत गरेको छ। मञ्जरी जोगाउन किसानलाई प्राविधिक सहयोग उपलब्ध गराइरहेका छौं," उहाँले भन्नुभयो ।उहाँका अनुसार मञ्जरी जोगाउन किसानले एक पटक औषधि छरिसकेका छन् भने चिचिला लागेपछि फेरि औषधि छर्ने तयारी गरिरहेका छन् । जिल्लाका १७ वटै पालिकाका कृषि शाखासँग समन्वय गरेर किसानलाई आवश्यक प्राविधिक सहयोग प्रदान गरिँदै आएको उहाँले बताउनुभयो ।

सिरहामा पूर्व-पश्चिम राजमार्गको उत्तरतर्फ पर्ने मिर्चैया, गोलबजार, धनगढीमाई र लहान नगरपालिकामा आँपखेती हुने गरेको छ । आँप खेतीबाट राम्रो आम्दानी हुने भएकाले किसान पछिल्लो समय यसतर्फ आकर्षित हुँदै गएका छन् ।धनगढीमाई नगरपालिका- १३ का किसान रामनारायण यादवले यसवर्ष आँपबाट राम्रो उत्पादन हुने अपेक्षा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "बगैंचामा यसवर्ष धेरै मञ्जरी लागेको छ । समय-समयमा औषधि छर्ने र बोटको स्याहार-सम्भार गर्ने काम गरिरहेका छौं । मौसम अनुकूल रहे राम्रो उत्पादन हुने आशा छ।"

अहिलेसम्म वर्षा नभएकाले आँपमा मधुवा रोग नदेखिएको स्थानीय कृषि प्राविधिकले बताएका छन् । यसवर्ष आँप 'ब्रान्डिङ' गरी बाहिरी बजारमा पठाउने तथा बजार व्यवस्थापनका लागि कृषि ज्ञान केन्द्रले तयारी गरिरहेको जनाएको छ ।रासस

# जनताप्रतिको सेवाभावमा कमी हुँदैन : अध्यक्ष ओली

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनको परिणाम आफ्नो पक्षमा नआए पनि जनताप्रतिको प्रतिबद्धता र सेवाभावमा कमी नहुने बताउनुभएको छ।



प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक भएपछि विहीबार पूर्व प्रधानमन्त्रीसमेत रहनुभएका ओलीले सामाजिक सञ्जालमार्फत् यस पटकको निर्वाचनमा आफूले अपेक्षा गरेजस्तो परिणाम प्राप्त गर्न नसकेको स्वीकार गर्दै लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुने र त्यो फैसला शिरोधार्य गरेको स्पष्ट पार्नुभएको छ।

उहाँले सूर्य चिन्हमा मतदान गरेर एमालेको पक्षमा उभिने सम्पूर्ण मतदाताप्रति धन्यवाद व्यक्त गर्नुभयो । "जनताको विश्वास नै हाम्रो शक्ति हो । तपाईंहरूको साथ नै हाम्रो ताकत हो", उहाँले भन्नुभएको, "हामी जनताकै बीचमा रहनेछौँ, जनताकै लागि काम गरिरहनेछौँ, र विश्वासको सम्बन्धलाई अझ बलियो बनाउँदै अघि बढ्नेछौँ।"रासस

# मोटरसाइकल बरामद



टुडे समाचारदाता

जलेश्वर । महोत्तरीमा गाडिएको अवस्थामा एक मोटरसाइकल फेला परेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार सोनमा गाउँपालिका-६ मगरथानामा जमिनमा पुरिएको अवस्थामा एक मोटरसाइकल फेला परेको हो।

स्थानीयवासीले शंकास्पद रूपमा जमिनमा गाडिएको मोटरसाइकल देखेपछि प्रहरीलाई खबर गरेका थिए। सूचना पाएपछि पुगेको प्रहरी टोलीले खाल्डोबाट मोटरसाइकल निकालेर नियन्त्रणमा लिएको छ। फेला परेको मोटरसाइकल नेपाली नम्बर ज ८ प ९९७ को सुपर स्प्लेन्डर रहेको प्रहरीले जनाएको छ। उक्त मोटरसाइकल हाल प्रहरी चौकी मगरथानामा राखिएको छ।

प्रहरीका अनुसार मोटरसाइकल कसले र किन जमिनमा गाडेर लुकाएको भन्ने विषयमा अनुसन्धान सुरु गरिएको छ। मोटरसाइकलको वास्तविक मालिक तथा घटनाको कारण पत्ता लगाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ।

# मतदानपछि मतदाता भारत फर्किन थाले

सुदूरपश्चिम । निर्वाचनका बेला स्वदेश फर्किएका सुदूरपश्चिमेली मतदान सकिए लगत्तै रोजगारीका लागि कैलालीको त्रिनगर सीमा नाका हुँदै भारत फर्किन थालेका छन् । केही दिनदेखि नेपाल-भारतको त्रिनगर सीमा नाका हुँदै उनीहरु भारततिर फर्किन थालेका हुन्।

रोजगारीका साथै उपचार, व्यापार तथा अन्य व्यक्तिगत कामका लागि दैनिक सयौँ नेपाली उक्त नाका हुँदै भारत जाने-आउने गर्छन् । त्रिनगर सीमा नाकामा भेटिनुभएका कञ्चनपुरका पदम पन्तले मतदान गरेर आफू फेरि भारततिर जान लागेको बताउनुभयो।

उहाँले भन्नुभयो, "दुई महिनाअघि मतदान गर्न नेपाल आएको हुँ । अहिले फेरि काममा फर्किन थालेको छुँ।" खुला सीमा नाका कारण आवतजावत सहज भए पनि कतिपयका लागि भने आवश्यक कागजातको अभावले समस्या सिर्जना भएको छ ।त्रिनगर नाकामै भेटिनुभएकी अछामकी कल्सु साउदले उपचारका लागि भारत जान लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "मतदान गरेपछि नेपालमै स्वास्थ्य जाँच गरौं भन्ने सोचेकी थिएँ । तर अहिले नियमित चेकअपका लागि फेरि भारत जान लागेकी हुँ।"

सुदूरपश्चिमका धेरै बिरामी उपचारका लागि भारतीय अस्पताल धाउँछन्। नेपाल-भारतबीचको खुला सिमाना रहेकोले दुई देशका नागरिकले धेरै ठाउँमा सहज रूपमा आवतजावत गर्न पाउने व्यवस्था छ।

सुदूरपश्चिमका नागरिक दैनिक रोजगारी, व्यापार, शिक्षा र उपचारका लागि भारत जाने गर्छन्। बिहान नेपालबाट भारत काममा जाने र साँझ फर्किने व्यक्ति धेरै भेटिने गरेका छन् । नेपालमा




निर्वाचन हुने जानकारी पाएपछि केही समयका लागि भारतलगायत विभिन्न देशमा काम गर्ने नेपाली मतदानका लागि घर फर्किएका थिए । निर्वाचन सम्पन्न भएपछि भने पुनःकामका लागि विदेश फर्किने क्रम देखिएको हो । विशेषगरी युवा तथा श्रमिक वर्गका नागरिक झोला बोकेर भारत जाने दृश्य सामान्य बनेको छ।

सदियौंदेखि सुदूरपश्चिमेलीको रोजगारीको प्रमुख गन्तव्यस्थल भारत बनेको छ । सुरक्षा गार्ड, निर्माण क्षेत्र, होटल, उद्योग, कृषि तथा अन्य दैनिक ज्यालादारी काममा नेपालीले काम गर्ने गर्छन्। नेपालमा कामको अवसर कम हुनु र कमाइ पर्याप्त नहुनु भारत जाने प्रमुख कारण हो। रोजगारी मात्र नभएर स्वास्थ्य उपचारका लागि भारत जाने नेपालीको सङ्ख्या ठूलो छ । सुदूरपश्चिमका धेरै जिल्लामा विशेषज्ञ चिकित्सक, आधुनिक उपकरण र ठूला अस्पतालको अभाव छ । जटिल रोग लागेका बिरामी प्रायः भारतका अस्पतालमा भर पर्ने गरेका छन्।

धनगढी, महेन्द्रनगरलगायत सीमावर्ती क्षेत्रबाट भारतका बरेली, हल्द्वानी, देहरादून, लखनउ, भोजीपुरा र दिल्लीसम्म उपचारका लागि बिरामी जाने गर्दछन् । खुला सिमाना भए पनि पछिल्लो समय सीमा पार गर्दा आवश्यक कागजातमा कडाइ गरेको छ । नागरिकता, मतदाता परिचयपत्र वा अन्य पहिचान कागजात नहुँदा कतिपय नागरिक सीमामै रोकिने गरेका छन् ।रासस

## ट्रान्सक्रिप्ट हरायो

जनकपुरधामको भानुचोकबाट घर लक्ष्मण अखाडा जानेक्रममा मेरो निम्न व्यहोरा भएको ट्रान्सक्रिप्ट मिति २०८२/११/१७ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगाना अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम:** श्रेयश कोइराला
**ठेगाना:** जि. धनुषा, जनकपुरधाम
**बोर्ड: हरियाणा स्टेट बोर्ड** (HSEBT)
**रजिष्ट्रेशन नं.**:- २०२७८९२०८०१०
**कोर्ष** :- Diploma in food processing
**उत्तिर्ण साल** :- २०२३
**मो.न** :- ९८०७६४०८२३

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला सिरहा कल्याणपुर न.पा. वडा नं. २, चतरी टोल दनुवारीबाट मिति २०८२/१०/१४ गते म.प्र. ०१-००५ प ४५५८ नम्बरको ईन्जिन नं. PDXPRG75711 चेचिस नम्बर MDZC41CX0RP651565 को बजाज कम्पनीको Pulser 150N रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम: हेमन्त कुमार ठाकुर**
**ठेगाना: सिरहा नगरापालिका-१७**
**मो. नं. ९८४२८३५८१८**

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | साथीभाइ र परिवारको साथ मिल्नेछ। उत्तरको यात्रा नगुर्न राम्रो हुनेछ। |
| वृष : | साना कुरामा रिस उठ्नसक्छ। रिसलाई नियन्त्रणको प्रयास गर्नु राम्रो हुनेछ। |
| मिथुन : | सप्तम भावमा चन्द्रमा पुगेकाले मनमा भएका विकृति हटेर जानेछन्। |
| कर्कट : | आफन्त टाढिने दिन छ। थोरै बोलेर आफन्तलाई खुशी पार्न सकिन्छ। |
| सिंह : | धार्मिक क्षेत्रका अभियान्तासंगको भेटले मनमा शान्ति मिल्नेछ। |
| कन्या : | परिवारको सल्लाहमा अगाडि बढेमा दिन सहज हुनेछ। |
| तुला : | आफन्तले साथ दिनेछन्। |
| वृश्चिक : | औषधी नियमित नहुँदा रोगले सताउने जोखिम छ। |
| धनु : | आफूले नेतृत्व गरेको संस्थामा विरोध हुनसक्छ। |
| मकर : | तपाईले गरेका राम्रा कामको जस अरुले लिनेछन्। |
| कुम्भ: | समकक्षीसंग सहकार्य गर्नु फाइदा हुनेछ। |
| मीन : | आफ्नो योजना सार्वजनिक नगरी काम गर्नु राम्रो हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कालोसूचीमा पर्ने प्रावधानमा अध्ययन : राष्ट्र बैंक

वीरगञ्ज । नेपाल राष्ट्र बैंकका गर्भनर डा विश्वनाथ पौडेलले राष्ट्र बैंकले वित्तीय कारोबार गर्दा कालोसूचीमा पर्ने प्रावधानका विषयमा अध्ययन गरिरहेको बताउनुभएको छ।

विहीबार यहाँ आयोजित कार्यक्रममा उहाँले कालोसूचीमा राख्ने प्रावधानको विषयमा आफूले गम्भीरतापूर्वक अध्ययन गरिरहेको जानकारी दिनुभयो। ‘‘चेक ब्याउन्स हुने वित्तिकै कालोसूचीमा राख्ने विषयमा पनि हामीले अध्ययन गरिरहेका छौँ,’’ उहाँले भन्नुभयो,‘‘ कालोसूचीमा पर्नेहरुको सूची छोटो कसरी बनाउने विषयमा लागिरहेका छौँ। चेक बाउन्स र बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका धेरै मानिस कालोसूचीमा पर्ने गरेको देखिएको छ,’’ उहाँले भन्नुभयो, ‘‘ कालोसूचीमा राख्नुपर्ने कति हुन। कालोसूचीमा नराख्नुपर्ने कति हुन भन्ने विषयमा हामीले हेरिराखेका छौँ।



यसको बारेमा मैले विस्तृत रुपमा हेरिरहेको छु।’’ गर्भनर पौडेलले धैरै कडाइ गरेर वा थुनेर मात्रै व्यापार/व्यवसाय मात्रै नभएर मुलुक पनि नचल्ने पनि बताउनुभयो।‘‘व्यवसाय भनेको कलेज पढाएर मात्रै पुग्ने रैन्छ। त्यो व्यापार हुनका लागि विभिन्न खालका हन्डर र ठक्कर खाएपछि मात्रै व्यवस्थित ढङ्गले अघि बढ्ने हुँदा पनि त्यसलाई व्यवस्थित गराउनेतर्फ अग्रसर हुन जरुरी छ,’’ उहाँले भन्नुभयो,‘‘व्यवसायीलाई गाली गरेर मात्रै मुलुकको विकास नहुनेतर्फ पनि ध्यान दिन जरुरी छ। त्यसैले व्यवसायीलाई प्रवर्द्धन गरेर अघि बढाउन जरुरी छ।’’ गर्भनर पौडेलले व्यवसाय गर्न खोज्नेले एक पटक गल्ती गर्दैमा दुःख दिन नहुने बताउनुभयो।

फरक प्रसङ्गमा गभर्नर पौडेलले डिजिटल प्रविधिमा आधारित सूचना प्रविधि उद्योगलाई प्रोत्साहन गर्ने नीति अङ्गिकार गर्दै आइरहेको बताउनुभएको छ। उहाँले भविष्यमा ठूलो सम्भावना बोकेको क्षेत्र भएकाले पनि सूचना प्रविधि क्षेत्रलाई प्रथामिकतामा राख्दै आइरहेको बताउनुभयो।

‘‘भाविष्यमा पनि सूचना प्रविधि उद्योगहरु धेरै वृद्धि हुन्छ भन्ने अपेक्षा राखेका छौँ,’’ उहाँले भन्नुभयो,‘‘हामीले बैंक तथा वित्तीय संस्थालाई पनि डिजिटलाइजेसनतर्फ अघि बढ्नका लागि अनुरोध गर्दै आइरहेका छौँ।’’ गर्भनर पौडेलले विगतमा वीरगञ्जमा फोटो स्टुडियो र गाडीको वर्क्ससप तथा ग्यारेज सेन्टरहरु पर्याप्त भए पनि अहिले तिनीहरु क्रमशः कम हुँदै गइरहेको पनि बताउनुभयो।

‘‘अहिले धेरैजसो व्यवसाय डिजिटल प्लेटफर्ममा अघि बढिरहेका छन्। त्यसैले अब उद्यमी तथा व्यवसायले नयाँतर्फ पनि आफूलाई परिवर्तन गर्दै लैजान जरुरी भइसकेको छ,’’ उहाँले भन्नुभयो,‘‘ समयानुकूल आफ्नो व्यवसायको डिजिटल रणनीति तयार पारेर अघि बढ्नुपर्ने बेला भइसकेको छ। पक्कै पनि यहाँहरुले सोतर्फ ध्यान दिइरहनुभएकै होला।’’ नेपालका आइटी कम्पनीलाई विदेशीमुलुकमा लगानी गर्नका लागि पनि सहज वातावरण बनाउँदै आइरहेको दाबी गर्नुभयो।रासस

# इनिसा विकलाई न्याय दिनुपर्ने माग गर्दै माइतीघरमा प्रदर्शन




काठमाण्डु । इनिसा विकको हत्यामा संलग्नलाई कडा कारबाही गर्नुपर्ने माग गर्दै विहीबार माइतीघर मण्डलामा प्रदर्शन गरिएको छ।

जात व्यवस्था उन्मुलन मोर्चा नेपालको अगुवाइमा दलित समुदायका युवाले इनिसाको बलात्कारपछि हत्या घटनाको निष्पक्ष, पारदर्शी र गम्भीर अनुसन्धान गर्नुपर्ने र पीडितलाई न्यायको निमित्त घटनाको निष्पक्ष, पारदर्शी र गम्भीर अनुसन्धान गर्नुपर्ने माग गर्दै प्रदर्शन गरेका हुन्।

उनीहरुले दोषीलाई कुनै पनि बहाना वा प्रभावका आधारमा उन्मुक्ति नदिन, अभियुक्तको उमेर घटाउने वा प्रमाण कीर्ते गर्ने प्रयास भए त्यसमा संलग्न सबैमाथि कडा कारबाही गर्नुपर्ने र पीडितका परिवारलाई न्याय, सुरक्षा तथा आवश्यक संरक्षण सुनिश्चित गर्नुपर्ने माग पनि गरेका छन्।

प्रदर्शनमा सहभागीहरुले ‘ बलात्कारीलाई कारबाही गर’, ‘स्टप रेप’, ‘ इनिसाका परिवारलाई न्याय दे’ र ‘अपराधीलाई छुट दिन पाइँदैन’ लेखिएका प्लेकार्ड बोकेका थिए। सोही अवसरमा दलित अभियन्ता रुपा सुनारले घटना भएको पाँचौँ दिनसम्म पनि दोषीलाई कारबाही गर्ने विषयमा राज्यले बेवास्था गरिरहेको भन्दै गुनासो गर्नुभयो।

सुर्खेतस्थित गुर्भाकोट नगरपालिका-६, बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर-१ मा बस्दै आएकी १६ वर्षीया इनिसा फागुन २३ गते बिहान वीरेन्द्रनगर-४, सहिद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा फेला परेकी थिइन्। उनलाई प्रहरीले प्रदेश अस्पताल कालागाउँमा पुर्‍याएकामा चिकित्सकले मृत घोषणा गरेका थिए।

मृतकका आफन्तहरूले सामूहिक बलात्कार भएको भन्दै २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएको थियो।

प्रहरीको प्रारम्भिक अनुसन्धानले इनिसाको बलात्कारपछि मृत्यु भएको देखाएको छ। सो घटनामा सुर्खेत प्रहरीले चार जनालाई पक्राउ गरेको छ। राष्ट्रिय दलित नेटवर्क, नेपाल र पर्यावरणीय लोकतन्त्रका लागि नागरिक अभियानलगायत सङ्घसंस्थाले पनि सोही घटनाका दोषीलाई कारबाही गर्नुपर्ने माग गरेका छन्।

**इनिसा विकको हत्यामा संलग्न दोषीलाई कडा कारबाही गर्न माग**

राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले इनिसा विकको हत्यामा संलग्न दोषीलाई कडा कारबाही गर्न, पीडितलाई न्याय प्रदान गर्न र कानुन कार्यान्वयन गर्ने निकायलाई जवाफदेही बनाउन सम्बन्धित सबै पक्षसमक्ष आग्रह गरेका छन्। दुवै आयोगले विहीबार संयुक्त विज्ञप्ति जारी गरी घटनाका दोषीलाई कडा कारबाही गरी पीडितलाई न्याय दिन र पीडित परिवारलाई सुरक्षा व्यवस्था गरी उचित क्षतिपूर्ति उपलब्ध गराउन अनुरोध गरेका हुन्। त्यसका साथै आयोगले रौतहट र पर्सासहित देशका विभिन्न भागमा महिला, दलित र किशोरीमाथि भइरहेका हिंसा र विभेदका घटनाको समेत गम्भीर छानबिन गर्नुपर्नेमा जोड दिएको छ।

सुर्खेतस्थित गुर्भाकोट नगरपालिका-६, बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर-१ मा बस्दै आएकी १६ वर्षीया इनिसा शनिबार बिहान वीरेन्द्रनगर-४, सहिद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा फेला परेकी थिइन्। उनलाई प्रहरीले प्रदेश अस्पताल कालागाउँमा पुर्‍याएकामा चिकित्सकले मृत घोषणा गरेका थिए।

मृतकका आफन्तहरूले सामूहिक बलात्कार भएको भन्दै फागुन २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएको थिए। प्रहरीको प्रारम्भिक अनुसन्धानले इनिसाको बलात्कारपछि मृत्यु भएको देखाएको छ। सो घटनामा सुर्खेत प्रहरीले चार जनालाई पक्राउसमेत गरेको छ। आयोगले मानव सभ्यतालाई नै चुनौती दिने गरी भएको यो विभत्स घटनाप्रति दुःख व्यक्त पनि व्यक्त गरेका छन्।रासस

# बढ्न थाल्यो सहरी क्षेत्रमा तापक्रम

काठमाण्डु । देशका विभिन्न सहरमा यही फागुन २६ देखि २८ गतेसम्म अधिकांश स्थानमा अधिकतम तापक्रम क्रमशः बढ्दै गएको देखिन्छ। जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कलाई हेर्दा स्थानमा सामान्य उतारचढाव मात्रै देखिएको छ।

विभागले सार्वजनिक गरेको विवरणअनुसार तराई तथा मधेसका धेरैजसो सहरमा तापक्रम क्रमशः बढ्दै गएको छ। राजधानीमा फागुन २६ गते अधिकतम तापक्रम २०-२२ डिग्री सेल्सियस रहेकोमा शनिबार बढेर २४ डिग्री पुगेको थियो। विहीबार मध्यान्हसम्म भने २५.४ डिग्री सेल्सियस पुगेको छ। विहीबार रातिको न्यूनतम तापक्रम भने १५-१७ डिग्रीकै हाराहारीमा रहने अनुमान गरिएको छ।

यसैगरी मध्यान्हसम्म सबैभन्दा बढी सिराहा र बाँकेको अधिकतम तापक्रम ३१ दशमलव १ डिग्री सेल्सियस पुगेको छ। सो समयमा मनाङ हुम्दे विमानस्थलको अधिकतम तापक्रम भने ३.२ डिग्री सेल्सियस रहेको छ। विहीबार विराटनगरमा ३१-३३ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ। त्यस्तै नेपालगञ्जमा भने ३०-३२ डिग्री सेल्सियस आसपास रहने अनुमान गरिएको छ।

गण्डकी प्रदेशको पोखरामा विहीबार २६-२८ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ। हिमाली क्षेत्रतर्फ जुम्लामा २३-२५ डिग्री सेल्सियससम्म पुग्ने देखिएको छ भने जोमसोममा पनि १७-१९ डिग्री सेल्सियससम्म पुग्ने अनुमान गरिएको छ।

समग्रमा आगामी तीन दिनमा देशका अधिकांश सहरमा दिउँसोको तापक्रम क्रमशः बढ्ने तथा मौसम सामान्यतया सफा रहने सम्भावना रहेको विभागले जनाएको छ।

विभागका मौसमविद् सञ्जीव अधिकारीका अनुसार विहिबार देशका अधिकांश स्थानमा मौसम सफा रहेको छ। “हावाको आर्द्रता बढेसँगै तापक्रममा पनि वृद्धि भएको छ। आगामी दिनहरूमा देशभर क्रमशः तापक्रम बढ्दै जाने सम्भावना रहेको छ,” उहाँले भन्नुभयो।रासस



# अन्तरराष्ट्रिय वेलनेस दिवस मनाउने प्रस्ताव अनुमोदन




काठमाण्डु , संयुक्त राष्ट्रसङ्घको महासभाले प्रत्येक वर्ष अप्रिल १५ लाई अन्तरराष्ट्रिय वेलनेस दिवसका रुपमा मनाउनका लागि नेपालले गरेको प्रस्ताव अनुमोदन गरेको छ।

संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि एवं राजदूत लोकबहादुर थापाले उक्त प्रस्ताव महासभाको पूर्ण बैठकमा प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तावलाई महासभाले सर्वसम्मत रुपमा अनुमोदन गरेको संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले विहिबार जारी विज्ञप्तिमा उल्लेख गरेको छ। प्रस्ताव प्रस्तुत गर्दै राजदूत थापाले वेलनेसको अवधारणाले शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, भावनात्मक तथा वातावरणीय पक्ष समेट्ने र यसको मान्यता विश्वव्यापी रुपमा बढ्दै गरेको उल्लेख गर्नुभयो।

“विश्वव्यापी रुपमा देखिएको सङ्कट र चुनौतीका हामीले विभिन्न प्रकारका स्वास्थ्य समस्या भोगिरहेका छौँ”, उहाँले भन्नुभयो, “वेलनेसको प्रवर्द्धनले मानसिक स्वास्थ्यलगायत नसर्ने रोगको आर्थिक भार घटाउन, समुदायको सहनशीलता सुदृढ गर्न र आर्थिक र सामाजिक विकासमा सहयोग गर्छ।” नेपालले अघि सारेको उक्त प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घका ४० वटा सदस्य राष्ट्रले सहप्रायोजन गरेका थिए भने अन्य सदस्य राष्ट्रले समर्थन गरेका थिए।

यसअघि संयुक्त राष्ट्रसङ्घमा नेपालका स्थायी नियोगले विभिन्न सदस्य राष्ट्रका प्रतिनिधिमण्डलहरूसँग पारदर्शी, समावेशी तथा सहमतिमूलक परामर्श गर्दै प्रस्तावलाई अन्तिम रूप दिएको थियो। नेपालले कुनै अन्तरराष्ट्रिय दिवस घोषणा गर्ने प्रस्ताव अघि सारेर अनुमोदन भएको यो पहिलो पटक भएको पनि नियोगले जनाएको छ।रासस


# जनकपुरधाम उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति २०८२/११/२९ गते**

यस जनकपुरधाम उपमहानगरपलिकालाई तपसिलमा उल्लेखित पद स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को ८ बमोजिम र जनकपुरधाम उपमहानगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को आधारमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा ईच्छुक नेपाली नागरिकहरूलाई देहाय बमोजिमको शर्तहरूको अधिनमा रही सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नु आव्हान गरिएको छ।

| सि. नं. | विज्ञापन नं. | पदको नाम | तह/श्रेणी | पद संख्या | न्युनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | १०/०८२/८३ | हलुका सवारी चालक | श्रेणी विहिन | १ | हलुका सवारी चालक अनुमती पत्र प्राप्त गरी सामान्य लेख पढ गर्न सक्ने। | प्रयोगात्मक, सिप परीक्षण र अन्तरवार्ता |
| २ | ११/०८२/८३ | हेभी सवारी चालक | श्रेणी विहिन | १ | हेभी सवारी चालक अनुमती पत्र प्राप्त गरी सामान्य लेख पढ गर्न सक्ने। | प्रयोगात्मक, सिप परीक्षण र अन्तरवार्ता |

**शर्तहरूः-**

१. उमेरको हद १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको तथा महिलाको हकमा ४० वर्ष पुरा नगरेको हुनु पर्ने।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी तथा अनुभवको प्रमाण पेश गर्नु पर्ने छ।
३. दरखास्त दस्तुर निर्धारण गरे बमोजिमको रसिद निवेदन साथ पेश गर्नु पर्ने छ।
४. स्थानीय तहमा कार्य गरेकोलाई विशेष ग्राहिता दिईने छ।
५. पारिश्रमिकः- करार सम्झौतामा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराईने छ।
६. परिक्षा दस्तुर दस्तुर रू.५००/- (पाँच सय) मात्र।
७. सम्पर्क मिति आवेदन दिने अन्तिम मितिले ७ दिन पछी।
८. परिक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ।
९. अन्तर्वार्तामा आउँदा अनिवार्य रुपमा सक्कल प्रमाण- पत्र लिएर उपस्थित हुनुपर्ने छ।
१०. सेवा अवधिः क) २०८३ अषाढ मसान्त सम्म र का.स.मु. को आधारमा कार्यालयले म्याद थप गर्न सकिनेछ। संघ, प्रदेश वा स्थानीय तहबाट सो पदमा स्थायी पदपूर्ति भई आएमा स्वतः करार सम्झौता भंग हुनेछ।
११. दरखास्त पाउने स्थान स्थानः यस पालिकाको website: janakpurmun.gov.np वा मानव संसाधन तथा कर्मचारी प्रशासन शाखा।
१२. दरखास्त बुझाउने स्थानः ज.उ.म.न.पा.को मानव संसाधन तथा कर्मचारी प्रशासन शाखा।
१३. दरखास्त बुझाउने अन्तिम मिति २०८२/१२/१३ गते सम्म।
१४. आवेदन दिने अन्तिम दिनमा विदा परेमा सोको भोलिपल्ट सम्म आवेदन दिन सकिने।
१५. पदपूर्ति सम्बन्धी अन्तिम निर्णय लिने अधिकार ज.उ.म.न.पा. पदपूर्ति समितिमा निहित रहने छ। यसमा कुनै कतै पुनरावेदन लाग्ने छैन।

**प्रमुख प्रशासकीय अधिकृत**


# स्वच्छ तथा स्वस्थ वातावरणको हक सुनिश्चित गर्न आग्रह

काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगले स्वच्छ र स्वस्थ वातावरणका सम्बन्धमा नेपालको संविधान तथा राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनहरुले प्रत्याभूत गरेका प्रावधानहरुको कार्यान्वयन गर्न सरकारसँग आग्रह गरेको छ।


आयोगले प्रत्येक नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको अधिकारको सुनिश्चित गर्ने, गराउने कार्यमा थप जिम्मेवार हुन तीनै तहका सरकार, निजी प्रतिष्ठान तथा सम्बन्धित सबैमा आग्रह गरेको हो। आयोगका प्रवक्ता डा टीकाराम भट्टराईले भन्नुभयो, “साथै, आफ्नो स्वास्थमा पर्नसक्ने प्रतिकूल प्रभावप्रति सचेत रहनसमेत आयोग सर्वसाधारणलाई अनुरोध गर्दछ।”




पछिल्ला वर्षमा नेपाल वायु प्रदूषित देशहरुको विश्वव्यापी सूचीको अग्रस्थानमा परिरहेको अवस्थामा यस वर्ष पनि विगत केही दिनदेखि प्रदूषण बढ्न गई मानव स्वास्थ्यमा असर पर्न पुगेको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको समेत जनाएको छ।

खडेरी, वन डढेलो, इन्धनका रुपमा ग्रामीण क्षेत्रमा काठ, दाउरा तथा गुइँठाको प्रयोग, पुराना सवारीसाधन, उद्योग, अन्तरदेशीय वायु प्रदूषण आदिजस्ता कारण काठमाडौँ उपत्यकालगायत देशभरका अधिकांश स्थानमा वायु गुणस्तरको पिएम २.५ र पिएम १० को तहमा रहेको छ। आयोगले राष्ट्रिय तथा विश्वस्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डभन्दा निकै उच्च रहेको तथ्याङ्क सार्वजनिक भएको भने आयोगको प्रारम्भिक अनुगमनका क्रममा नेपालमा स्थापित वायु गुणस्तर मापन गर्ने ३० वटा संयन्त्रमध्ये ११ वटा संयन्त्रले मात्रै अनलाइन ‘रिअल टाइम’ वायु गुणस्तर अध्यावधिक तथ्याङ्क दिइरहेको पाइएको जनाएको छ।वायु प्रदूषणका कारण फोक्सोको रोग, मुटुको रोग, मस्तिष्काघात, श्वासप्रश्वास प्रणालीमा सङ्क्रमणजस्ता स्वास्थ्य समस्या हुने गरेको देखिएको छ भने नेपालमा प्रतिवर्ष २६ हजार व्यक्तिको वायु प्रदूषणका कारण मृत्यु हुने गरेको अध्ययनले देखाएको छ।

“आयोगले गरेको अनुगमनमा काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ समेत प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिएन”, आयोगले भनेको छ, “वायु गुणस्तरसम्बन्धी कार्यक्रम दातामुखी हुनु, अध्यावधिक तथ्याङ्कको अभाव, अन्तरतह सरकार तथा अन्तरनिकाय समन्वय प्रभावकारी हुन नसक्नुजस्ता कारण वातावरण संरक्षणको कार्यमा प्रभावकारिता आउन नसकेको दखिन्छ।”रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय


# मधेश केन्द्रित दललाई क्षति, मधेशीलाई उपलब्धि

सम्पन्न प्रतिनिधि सभाको चुनावमा मधेश केन्द्रित दलहरुले एक स्थान पनि जित्न सकेन । समानुपातिक तर्फ पनि मत कम रहेकोले राष्ट्रिय दल हुन चाहिने मत संख्या पनि मधेश केन्द्रित दलहरुको पुगेन । थ्रेस होल्ड कट्न नसक्दा मधेश केन्द्रित सबै दल राष्ट्रिय दलको मान्यता प्राप्त गर्न सकेन । संघीय संसद (राष्ट्रियसभा) मा जनता समाजवादी पार्टी(जसपा) नेपालको प्रतिनिधित्व छ । तर दल नै राष्ट्रिय हैसियत गुमाएकोले संसदमा पाउने विशेष अवसर पाउने छैन । मधेश केन्द्रित दलहरुले थ्रेस होल्ड कटाउन सकेको छैन । तर ९ लाख समानुपातिक मत व्यर्थ भएको छ । जसपा नेपाल र जनमत पार्टी प्राप्त गरेको मत भन्दा दोब्बर बढाउन पाएको भए राष्ट्रिय दलको मान्यता पाउने थियो । एकातिर ९ लाख मत खेर गएको छ। अर्को तर्फ राष्ट्रिय दलको मान्यता प्राप्त गर्ने संख्या सम्म मधेशी दलहरु पुग्न सकेको छैन । ९ लाख मत खेर गएपछि राष्ट्रिय दल बनेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) मा समानुपातिक तर्फको सांसद बृद्धि भएको छ। मधेश केन्द्रित दलहरुलाई सम्पन्न चुनावमा भारी क्षति भएको छ । मधेश प्रदेशमा समेत एउटै सिट निकाल्न सकेको छैन । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, सीके राउत चुनाव जित्न नसक्दा मधेशको आवाजलाई सघीय संसदमा जबर्जस्त ढंगले राख्ने नेताको अभाव खटकिने देखिन्छ। मधेशी दलहरु गएको प्रतिनिधि सभामा निर्णायक भूमिकामा नरहे पनि मधेश विरोधी कयौं बिलहरुलाई पारित हुन दिएको थिएन । एमाले, नेपाली कांग्रेस र नेकपा मधेशी विरोधी पार्टीको रुपमा स्थापित छन् । संविधान जारी गर्दादेखि हाल सम्म पनि ती दलहरुले मधेश र मधेशीको समस्यालाई गम्भीरतापूर्वक लिएन । तर मधेशी दलहरु ती दलहरुसित नै पटक पटक चुनाव लड्न र सरकार बनाउन तालमेल गरिरहे । मधेश केन्द्रित दलहरुलाई चुनावमा ठूलो क्षति भए पनि मधेशीका लागि ठूलो उपलब्धि पनि भएको छ। एकजना मधेशी नेता देशको पहिलो पटक प्रधानमन्त्री बन्ने गौरव प्राप्त गर्दैछ। चुनावमा नामै काफी देखिएको बालेन साहलाई प्रधानमन्त्रीको रुपमा सिंगो देशले अनुमोदन गरेको छ। देशभरि नै रास्वपाले प्रत्यक्ष र समानुपातिक चुनावमा प्राप्त गरेको मत बालेनलाई प्रधानमन्त्री बनाउनका लागि हो । बालेन साह प्रधानमन्त्री हुनु मधेश र मधेशीका लाठी ठूलो गर्व हो । उनले प्रदेशलाई सशक्त बनाएर संघीय राजधानी जानुपर्ने बाध्यतालाई कम गर्ने वचन दिएका छन् । प्रदेश सरकार अधिकार सम्पन्न र संस्थागत भए धेरै कामका लागि काठमाण्डु जानु पर्ने बाध्यतालाई घटाउने छ। त्यो पनि मधेशका लागि उपलब्धि नै हो।

# मध्यपूर्व युद्ध र नेपालमा पर्नसक्ने आर्थिक प्रभाव



● रिसव गौतम



पश्चिम एसियाको इस्लामिक गणतान्त्रिक देश इरानमा फेब्रुअरी २८, २०२६ का दिनबाट सुरु भएको युद्धको क्रममा अहिलेसम्म एक हजार २५० भन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् ।

अन्तरराष्ट्रिय समाचार संस्था एलजजीरा न्युजले मार्च ९ मा प्रकाशित गरेको समाचारअनुसार अमेरिका, इजराइल र इनरानबीच भएको युद्धका क्रममा सोमबारसम्म एक हजार २५० जनाको मृत्यु भएको उल्लेख छ । युद्ध इरान र इजराइलमा मात्र सीमित नरहेर खाडीका सबैजसो देशहरुमा फैलिसकेको छ। मध्यपूर्वमा फैलिएको युद्धलाई लिएर अहिले विश्वभर चिन्ता बढिरहेको छ । खासगरी अन्तरराष्ट्रिय बजारमा कच्चा तेल तथा प्राकृतिक ग्यासको भाउ बढ्दा अरु सबै उपभोग्य वस्तुहरुमा महँगी बढ्न थालेको छ।

युद्ध सुरु भएको पहिलो दिनमै धार्मिक कट्टरपन्थी तथा इरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीसहित इरानका ४० बरिष्ठ अधिकारीहरु मारिएका थिए । अहंकारी तथा युद्धको पक्षपोषक भनेर चिनिए पनि कुनै अर्को देशको आन्तरिक मामलामा हस्तक्षेप गरेर राष्ट्र प्रमुखलाई नै हत्या गरिएपछि त्यसको विश्वभर अनेक टिप्पणी भइरहेका छन् ।

खासगरी उदयीमान तथा अमेरिकापछिको शक्तिशाली देश चीन तथा रसियाले त्यसको कडा आलोचना गरेका छन् । यद्यपि, आलोचना शान्ति भडकाउने नभई कुटनीतिक एवं सौम्य देखिन्छ । उनीहरुले सो युद्धमा आफैं सहभागी हुने गरी चेतावनी भने दिएका छैनन् ।

भारत तथा चीनलगायत देशहरु मध्यपूर्वमा भएको युद्धमा सहभागी देशहरुलाई सम्झाउने र बार्तामार्फत हल गर्ने भूमिकामा छन् ।

इरानमाथि इजराइल तथा अमेरिकाले कडा सैन्य कारवाही थालेपछि त्यसको बाछिटा साउदी अरेयिबा, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डनसम्म फैलिएको छ । खासगरी ती देशहरुमा रहेका अमेरिकी सैन्य अड्डाहरुमा इरानले हमला गरेका समाचार छन् । इजराइल तथा इरानबीचको द्वन्द्वमा अहिले लेबलान, अमेरिका, साउदी अरेबिया, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डन गरी १० वटा देश प्रत्यक्ष रुपमा प्रभावित छन् ।

खासगरी इरानले घुँडा नटेकी, सत्ता परिवर्तन नभई तथा आणविक भट्टीहरु ध्वस्त नगरी युद्ध नछोड्ने खालका संकेत अमेरिकी राष्ट्रपतिले दिइसकेका छन् । उनले युद्ध अझै केही दिनसम्म लम्बिनसक्ने सङ्केत समेत गरेका छन् ।

संसारमा अहिले साना तथा गरिब देशहरु युद्धबाट बढी प्रताडित छन् । एकातिर युद्धका कारण धनी देशहरुबाट उनीहरुले पाइरहेका अनुदान तथा सहयोग घटिरहेको छ भने अर्कोतिर ब्यापक महँगी, अभाव र विश्वव्यापी आर्थिक असन्तुलनको मार उनीहरुले नै खेपिरहेका छन् ।

त्यसमाथि यस्ता खालका क्षेत्रीय तथा विश्व युद्धहरुमा गरिब तथा विपन्न देशका मानिसहरु युद्धमा प्रयोग भइरहेका छन् । व्यापक आर्थिक प्रलोभन र प्रभावमा धनी देशका युद्ध उन्मादको शिकार भइरहेका छन् । जस्तो विगत चार वर्षयतादेखि चलिरहेको रुस र युक्रेन युद्धमा सहभागी थुप्रै नेपालीले अकालमै ज्यान गुमाएका छन् । नेपाली मात्र होइन, कयौँ त्यस्ता गरिब देशका नागरिकहरु युद्धमा सिपाई भएर होमिएका छन् । मारिने उनीहरु नै बढ्ता छन् । धनी देशहरुको पैसा मात्र मरिरहेको छ तर युद्ध र अशान्तिमा मारिनेहरु पनि गरिवहरु नै धैरै छन् ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आइआरसी) ले जनाए अनुसार उसको 'टुथफुल प्रोसिस ४' अभियानअन्तर्गत अमेरिका इजराइल आक्रमणको प्रतिकारस्वरुप खाडी देशहरुमा रहेका अमेरिकी सैन्य अड्डा र सम्पत्ति माथि प्रहार गरिएको छ।

अमेरिका तथा इजराइलको लगातारको प्रहारपछि आत्मरक्षाका लागि सबै सैन्य उपायहरुको प्रयोग गरिएको इरानी विदेश मन्त्रालयको दाबी छ। युद्ध रोकिने वा रोक्ने भन्दा चर्कने तथा चर्काउने खालका गतिविधिहरु ब्यापक भइरहेका छन् । यसले विश्वव्यापी रुपमा गरिब तथा श्रम निर्यातक देशहरु बढी प्रताडित हुने देखिएको छ।

**नेपाललाई असर**

विश्वव्यापी महँगी, अभाव तथा आर्थिक असन्तुलनमा मध्यपूर्वको युद्धले कुन हदसम्म असर गर्ने हो यकिन छैन । खासगरी नेपालजस्ता श्रम निर्यातक देशहरु त्यसको प्रत्यक्ष मारमा पर्ने देखिन्छ । अहिले नै संयुक्त अबर इमिरेट्समा कार्यरत एक नेपालीले त्यहाँको अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा ज्यान गुमाइसकेका छन् । भोलिका दिनहरुमा त्यस्ता घटनाहरु नदोहोरिएला भन्न सकिन्न ।

यदि कथंकदाचित युद्ध लम्बदै गयो र ती देशहरु पनि युद्धमा सहभागी हुन थाले भने खाडीमा कार्यरत धेरै नेपालीले रोजगारी समेत गुमाउनुपर्ने अवस्था सिर्जना हुनसक्छ । खाडी देशहरुमा १९ लाख हाराहारी नेपाली रोजगार छन् । उनीहरुले पठाएको रेमिट्यान्सको कारण देशको अर्थतन्त्र चलिरहेको छ । नेपालमा पछिल्ला दशक जे जति गरिबी घटेको छ, जे जति आर्थिक उन्नति भएको छ, त्यसमा खाडीमा कार्यरत नेपालीहरुको योगदान धैरै छ । अहिले नेपालमा वार्षिक १७ खर्ब रेमिट्यान्स भित्रन थालेको छ । त्यसमा ५० प्रतिशत ज्यादा खाडीमा पसिना बगाउनेहरुको योगदान रहेको छ । त्यसकारण मध्यपूर्वमा युद्ध फैलदा र त्यो लामो समयसम्म जारी रहने अवस्था रहँदा त्यसको असर नेपालीको भान्सासम्म आइपुग्ने निश्चित छ ।

फेरि युद्धको प्रकृति बढो डरलाग्दो पनि हुन्छ । युद्ध सुरु हुन गाहे हो, फैलन गाहे हुन्न । फेरि युद्ध नशा पनि हो, एकाथरी बलशाली एवं शासक देशहरुका लागि । ती देशहरुको अत्याधिक ध्यान आणविक भट्टीहरु, हतियारहरु, आधुनिक हतियारहरु, बम तथा बारुद बनाउनेमा केन्द्रित रहने गर्दछ । त्यसकारण युद्ध न सजिलै सुरु हुन्छ न त सजिलै बिदा हुन्छ । यो तथ्यलाई बुझी हाम्रोजस्तो विपन्न देशहरुले कदम चाल्नुपर्छ ।

युद्धमा कसैको पनि पक्षधरता लिन जायज छैन । बरु शान्तिका लागि सकेको प्रयास गर्न सकिन्छ । त्यसभन्दा बढी आफना नागरिकहरु जो खाडीमा अथवा परदेशमा अथवा घरदेशमा छन्, तिनको रोजगारी, जिउ धनको सुरक्षा कसरी गर्न सकिन्छ, त्यसतर्फ हालै चुनावमार्फत नयाँ जनादेश पाएर बन्दै गरेको नयाँ सरकारले ख्याल गर्न जरुरी छ ।

खासगरी खाडीमा मडारिएको युद्धले विश्वयुद्धको रुप नलिओस् । त्यसैको कामना हाम्रो जस्तो देशले गर्न जरुरी छ । मूलतः चीन तथा अमेरिका गरी दुई धुब्रमा उन्मुख विश्व व्यवस्थामा चीनले शान्तिको लिक नछोडेसम्म क्षेत्रीय युद्धहरु भइरहे पनि विश्वयुद्ध हुने सम्भावना कम छ । यी देशहरुमा फैलने र चर्कने युद्धले त्यहाँ कार्यरत श्रमशक्तिहरुलाई मात्र असर गर्दैन । युद्ध जारी रहेको अवस्थामा कच्चा तेलको निर्यातमा ठूलो गिरावट आउँदा हाम्रो जस्तो इन्धनसहित धेरै कुरामा परनिर्भर देशहरुका लागि कठिनाइ पर्नेछ । अहिले नै इरानले साउदी अरेबियाको सबैभन्दा ठूलो कम्पनी 'साउदी आराम्को'को रिफाइनरीमा हमला गर्दा सो रिफाइनरी बन्द भएको छ । त्यहाँ रहेका सबैभन्दा ठूला तेल डिपोहरु समेत युद्धमा खरानी भएका समाचारमा आएका छन् ।

इरानमा युद्ध चर्कदै गएपछि विश्व बजारमा कच्चा तेल र प्राकृतिक ग्यासको मूल्य समेत अचाक्ली बढिसकेको छ । गत सोमबार (मार्च ९) तारिकमा नै कच्चा तेलको मूल्यमा २४ प्रतिशत वृद्धि भई अन्तर र्राष्ट्रिय बजारमा प्रतिब्यारेल ११५ डलर माथि पुगेको छ । दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने इरानले निर्यात प्रभावित हुँदा विश्व अर्थतन्त्रमै असर गर्ने देखिन्छ । त्यसको बाछिटा नेपाल जस्तो परनिर्भर देशहरुमा झन् बढी पर्नेछ । विश्लेषकहरुले नै तेलको मूल्य लामो समयसम्म १०० डलर भन्दा माथि रहँदा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्ने बताएका छन् । यस्तो अवस्थामा सबै उद्देश्य पूरा नहुँदासम्म युद्ध कायम रहने अमेरिकी राष्ट्रपतिले बताएका छन् ।

देशलाई आत्मनिर्भर नबनाई स्वदेशमै युवालाई रोजगारी र आर्थिक अवसर सिर्जना नगरी भूमण्डलीकृत विश्वमा नेपाल जस्ता देशहरुले यस्ता घटनाहरुको प्रताडना खेप्नुको कुनै गुन्जायस छैन् । युद्धका असरहरु बहुआयामिक छन् । जति धनीहरुलाई असर छ, त्यो भन्दा कयौं गुणा असर गरिब देशलाई पर्दछ । यस युद्धले नेपालको आर्थिक तथा सामाजिक अवस्थामा नै असर गर्ने देखिन्छ । युद्ध सुरु भएयता नेपालकै पनि अनगिन्ती अन्तर्राष्ट्रिय अडान रद्ध भएका छन् । मध्यपूर्वको युद्धले हाम्रो जस्तो श्रम निर्यातक एवं रेमिट्यान्समा निर्भर देशहरुलाई ठूलै झड्का लाग्ने सम्भावना छ । यसतर्फ सरकारले बढो सतर्कताका साथ आफ्ना नागरिकको सुरक्षा तथा उनीहरुको रोजगारीको सुनिश्चितका लागि विशेष योजना र नीति अख्तियार गर्नुपर्ने समय आएको छ ।

## दुई धार, एउटै गन्तव्य :

# रवि–बालेनको यात्रा कहाँसम्म ?



● सन्तोष घिताल

नेपालको समकालीन राजनीतिमा परम्परागत दलहरूप्रति जनविश्वास कमजोर हुँदै गएको अवस्थामा केही नयाँ राजनीतिक पात्रहरू अचानक प्रभावशाली रूपमा उदाएका छन्। तीमध्ये विशेष रूपमा चर्चामा आएका दुई व्यक्तित्व हुन्–रवि लामिछाने र बालेन शाह।

यी दुवै व्यक्तित्वलाई धेरैले राजनीतिक परिवर्तनको सम्भावित वाहकका रूपमा हेरेका छन्, जुन गत फागुन २१ गतेको निर्वाचन र त्यसको मतपरिणामले प्रमाणित गरिसकेको छ। लामो समयदेखि सत्तामा रहेका दलहरूको कार्यशैली, भ्रष्टाचारका आरोप, राजनीतिक अस्थिरता र प्रशासनिक कार्यक्षमताबाट निराश नागरिकले नयाँ अनुहारतर्फ आशा राख्न थालेका हुन्। यही सन्दर्भमा लामिछाने र शाह दुवैको उदय केवल व्यक्तिगत सफलता मात्र होइन, यो व्यापक राजनीतिक असन्तुष्टिको अभिव्यक्ति पनि हो।

निर्वाचनअघि दुई नेताहरूबिच सहकार्य र पार्टी एकताको चर्चा चल्यो। उम्मेदवारी मनोनयन गर्नुअघि दुई नेताबिच सातबुँदे सहमति भयो। सहमतिअनुसार पार्टीको केन्द्रीय सभापति रवि लामिछाने नै रहनेछन् भने आसन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीका उम्मेदवारका रूपमा बालेन शाह हुने उल्लेख गरिएको छ। यही सहमतिका आधारमा चुनावी अभियानमा बालेनलाई सम्भावित प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिएको थियो।

योसँगै गम्भीर प्रश्न पनि उठेको छ- सत्ता दुई नेताको हातमा आएसँगै उनीहरूको सहकार्य कति टिकाउ हुन्छ ? निर्वाचनको परिणाम र सरकार गठन प्रक्रिया नहुँदै उनीहरूको सम्बन्धलाई लिएर टिप्पणी गर्न तत्काल हतार हुन्छ।

निर्वाचनको मतपरिणामसँगै यतिबेला बालेन प्रधानमन्त्री बन्ने सम्भावना चर्चा र बहसको विषय बनेको छ। तर निर्वाचनको परिणाम आएसँगै भावी प्रधानमन्त्री को भन्ने विषयमा रास्वपाका नेताहरूबिच फरक-फरक धारणाहरू आउन थालेका छन्। यसले रवि र बालेनबिचको राजनीतिक सहमतिमा आशङ्का भने उब्जाएको छ।

योसँगै गम्भीर प्रश्न पनि उठेको छ- सत्ता दुई नेताको हातमा आएसँगै उनीहरूको सहकार्य कति टिकाउ हुन्छ ? निर्वाचनको परिणाम र सरकार गठन प्रक्रिया नहुँदै उनीहरूको सम्बन्धलाई लिएर टिप्पणी गर्न तत्काल हतार हुन्छ। तर शैली, सोच र राजनीतिक व्यवहारका आधारमा विश्लेषण गर्दा उनीहरूबिचको सम्बन्ध त्यति सरल रेखामा अघि बढ्ने देखिँदैन।

किनभने बालेनसँग सहमति नहुँदासम्म रवि लामिछाने राजनीतिक रूपमा कमजोर देखिएका थिए। जब बालेनसँग सहमति भयो, त्यससँगै रास्वपाको लोकप्रियता बढेको देखिन्छ। तर लोकप्रियताको लहरले अहिले सबै कुरा सजिलो देखिए पनि वास्तविक राजनीति निकै कठोर हुने गर्छ।

यदि यी दुई नेताबिच राजनीतिक सहकार्य हुँदै चुनावी अभियानमा बालेन शाहलाई सम्भावित प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरिएको परिकल्पना गर्ने हो भने, त्यसले नेपालको राजनीतिमा नयाँ प्रयोगको अभ्यास गरेको ठहरिन्छ। तर सहकार्यको सम्भावना जति उत्साहजनक देखिन्छ, त्यति नै यसको स्थायित्वबारे प्रश्न पनि उठ्छ। किनभने दुवै नेताको शैली, प्रवृत्ति, सोच र सार्वजनिक व्यवहारमा उल्लेख्य भिन्नता पाइन्छ। यही भिन्नताले सहकार्यलाई कतै बलियो बनाउँछ भने कतै टकराव निम्त्याउँछ।

सबैभन्दा पहिले यी दुई नेताको उदयको पृष्ठभूमि बुझ्न आवश्यक छ। रवि लामिछानेको सार्वजनिक छवि सञ्चारकर्मीका रूपमा निर्माण भएको हो। उनले टेलिभिजन कार्यक्रममार्फत प्रशासनिक भ्रष्टाचार र राज्यको निष्क्रियतामाथि तीखा प्रश्न उठाउँदै आफूलाई 'सिस्टमविरुद्ध बोल्ने आवाज'का रूपमा स्थापित गरेका थिए। यही शैलीले उनलाई लोकप्रियता दिलायो।

उनले जनताको असन्तुष्टिलाई शब्द दिए, राज्यका निकायलाई सार्वजनिक रूपमा चुनौती दिए र आफूलाई जनताको पक्षमा उभिएको व्यक्तित्वका रूपमा प्रस्तुत गरे। यही जनसमर्थनलाई उनले पछि राजनीतिक पुँजीमा रूपान्तरण गरे। उनको राजनीति मूलतः जनभावना, आक्रोश र परिवर्तनको आकाङ्क्षामा आधारित देखिन्छ।

अर्कोतर्फ, बालेन शाहको उदयको कथा फरक छ। उनी इन्जिनियरिङ पृष्ठभूमिका व्यक्ति हुन् र साङ्गीतिक तथा सांस्कृतिक क्षेत्रमा पहिचान बनाएका व्यक्ति हुन्। तर उनको राजनीतिक उभार मुख्यतः सहरी मध्यमवर्ग, युवावर्ग र सामाजिक सञ्जालको सक्रिय समर्थनसँग जोडिएको छ।

यी दुई नेताबिचको पहिलो ठूलो भिन्नता देखिन्छ- नेतृत्व शैलीमा। लामिछानेको नेतृत्व शैली 'करिस्म्याटिक' तर जनसम्पर्कमा आधारित देखिन्छ।

स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव जितेर महानगरको नेतृत्व सम्हाल्नु आफैँमा ठूलो राजनीतिक परिघटना थियो। उनले आफूलाई परम्परागत दलहरूको विकल्पका रूपमा प्रस्तुत गरे। शाहको छवि व्यवस्थापन, नियम कार्यान्वयन र प्रशासनिक सुधारमा केन्द्रित देखिन्छ।

यसैबाट यी दुई नेताबिचको पहिलो ठूलो भिन्नता देखिन्छ- नेतृत्व शैलीमा। लामिछानेको नेतृत्व शैली 'करिस्म्याटिक' तर जनसम्पर्कमा आधारित देखिन्छ। उनी सार्वजनिक भाषण, प्रत्यक्ष संवाद र भावनात्मक अपिलमार्फत समर्थकहरूसँग अन्तरसंवाद गर्छन्। यस्तो शैलीले राजनीतिक आन्दोलनलाई गति दिन सक्छ र छोटो समयमै ठूलो जनसमर्थन जुटाउन मद्दत गर्छ। तर यसले कहिलेकाहीँ संस्थागत प्रक्रियालाई कमजोर बनाउने जोखिम पनि हुन्छ। जब नेतृत्व अत्यधिक केन्द्रीकृत हुन्छ, त्यसमा व्यक्तिवादको अवयव मिसिन आइपुग्छ। त्यतिबेला संस्थागत निर्णय कमजोर बन्न पुग्छ।

बालेन शाहको शैली तुलनात्मक रूपमा भिन्न छ। उनी कम बोल्छन् तर निर्णयात्मक रूपमा प्रस्तुत हुन्छन्। प्रशासनिक सुधार, सहरी व्यवस्थापन, नियम कार्यान्वयन र संस्थागत अनुशासनमा उनको ध्यान केन्द्रित देखिन्छ। उनले निर्णय गर्दा लोकप्रियताको भन्दा व्यवस्थापकीय आवश्यकतालाई प्राथमिकता दिने सङ्केत गरेका छन्। यस्तो शैलीले प्रशासनिक सुधारमा गति दिन सक्छ। तर यसको अर्को पक्ष पनि छ- कठोर प्रशासनिक निर्णयले राजनीतिक सहमति निर्माण गर्न कठिनाइ हुन्छ।

यी दुई शैलीको अन्तर सहकार्यको सन्दर्भमा महत्त्वपूर्ण हुन्छ। लामिछानेको राजनीति जनसमर्थन निर्माणमा केन्द्रित छ भने शाहको शैली कार्यान्वयनमा केन्द्रित छ। यी दुईबिच समन्वय हुन सकेन भने सरकार सञ्चालनमा रणनीतिक असहमति देखिन सक्छ। एउटा पक्ष जनभावना व्यवस्थापनमा व्यस्त रहने र अर्को पक्ष प्रशासनिक कठोरता लागू गर्न खोज्ने अवस्था सिर्जना हुन सक्छ।

बालेन शाहको दृष्टिकोण तुलनात्मक रूपमा संरचनाभित्र सुधार गर्ने खालको देखिन्छ। उनले प्रशासनिक निकायलाई कडाइका साथ चलाउने प्रयास गरेका छन्।

शक्ति संरचनासँग सम्बन्धको प्रश्नमा पनि यी दुई नेताबिच भिन्नता देखिन्छ। लामिछानेको सार्वजनिक छवि मूलतः स्थापित शक्ति संरचनासँग टकराव गर्ने नेताको रूपमा बनेको छ। उनले राज्यका निकाय, दलहरू र प्रशासनिक संयन्त्रप्रति तीखा आलोचना गर्दै आफ्नो राजनीतिक पहिचान निर्माण गरेका छन्। यस्तो शैलीले उनलाई विद्रोही नेताको छवि दिन्छ। तर शासन सञ्चालन गर्दा निरन्तर टकरावको राजनीति टिकाउ हुँदैन।

राजनीति केवल गल्ती औँल्याउने ठाउँ होइन, समाधान दिने ठाउँ पनि हो। राज्य सञ्चालन गर्दा अनेकौँ जटिल निर्णय लिनुपर्छ। त्यहाँ सम्झौता, कूटनीति र दीर्घकालीन रणनीति आवश्यक हुन्छ। लामिछानेको राजनीतिक यात्रामा कहिलेकाहीँ अत्यधिक प्रतिक्रियात्मक प्रवृत्ति देखिएको आलोचकको तर्क छ। समस्या देखेपछि तुरुन्त कठोर प्रतिक्रिया दिनु जनतालाई आकर्षक लाग्न सक्छ, तर शासन प्रणालीमा यस्तो शैलीले अस्थिरता निम्त्याउन सक्छ।

बालेन शाहको दृष्टिकोण तुलनात्मक रूपमा संरचनाभित्र सुधार गर्ने खालको देखिन्छ। उनले प्रशासनिक निकायलाई कडाइका साथ चलाउने प्रयास गरेका छन्। तर कहिलेकाहीँ उनको निर्णय शैली अत्यधिक केन्द्रीकृत भएको आरोप पनि लाग्छ। लोकतान्त्रिक शासन प्रणालीमा यस्तो शैली दीर्घकालीन रूपमा समस्याग्रस्त हुन सक्छ।

महानगरपालिका एउटा स्थानीय प्रशासनिक एकाइ हो, जहाँ निर्णय प्रक्रिया तुलनात्मक रूपमा छिटो हुन्छ। तर केन्द्रीय सरकारमा संसद्, दल, अन्तर्राष्ट्रिय सम्बन्ध र विभिन्न शक्ति केन्द्रसँग सन्तुलन कायम गर्नुपर्छ। यदि नेतृत्व अत्यधिक एकल निर्णयमा आधारित भयो भने राजनीतिक टकराव बढ्ने सम्भावना हुन्छ।

राजनीतिक सङ्गठनको प्रश्न पनि यहाँ अत्यन्त महत्त्वपूर्ण छ। लामिछानेले पार्टी निर्माण गरेर राजनीतिक सङ्गठनको आधार तयार गर्ने प्रयास गरेका छन्। राजनीतिक दल सञ्चालनका लागि सङ्गठन, नेतृत्व संरचना र कार्यकर्ता सञ्जाल आवश्यक हुन्छ। छोटो समयमै लोकप्रियता हासिल गरे पनि यस्तो सङ्गठनलाई स्थिर बनाउनु चुनौतीपूर्ण हुन्छ।

बालेन शाहको राजनीति भने अझै पनि व्यक्तित्व केन्द्रित देखिन्छ। उनी स्वतन्त्र उम्मेदवारका रूपमा उदाएका कारण उनको राजनीतिक शक्ति मुख्यतः व्यक्तिगत लोकप्रियतामा आधारित छ। यदि उनी केन्द्रीय नेतृत्वमा पुगे भने उनलाई सङ्गठनात्मक संरचना आवश्यक पर्न सक्छ। यही ठाउँमा पार्टी र व्यक्तित्वबिच शक्ति सन्तुलनको प्रश्न उठ्न सक्छ।

व्यक्तित्वको स्तरमा पनि सम्भावित टकराव देखिन्छ। लामिछाने प्रत्यक्ष र आक्रामक शैलीमा बोल्ने र सार्वजनिक रूपमा आलोचनाको जवाफ दिन रुचाउँछन्। सामाजिक सञ्जालदेखि सार्वजनिक मञ्चसम्म उनी सक्रिय रूपमा आफ्नो धारणा राख्छन्। यसले उनलाई समर्थकहरूमाझ लोकप्रिय बनाएको छ।

समस्या तब उत्पन्न हुन्छ, जब लोकप्रिय निर्णय र आवश्यक निर्णयबिच द्वन्द्व हुन्छ। शासन सञ्चालनमा कहिलेकाहीँ अलोकप्रिय निर्णय लिनुपर्ने हुन सक्छ।

शाहको शैली भने भिन्न छ। उनी प्रायः मौन बस्ने वा सीमित प्रतिक्रिया दिने गर्छन्। तर निर्णयमा भने कठोर देखिन्छन्। यस्तो शैलीले कहिलेकाहीँ दूरीको भावना पनि सिर्जना गर्न सक्छ। यदि एउटै सरकारमा यी दुई शैली आमनेसामने भए भने सार्वजनिक सन्देशमा असमानता देखिन सक्छ।



## 'औषधि उद्योगलाई आत्मनिर्भरका साथै निर्यातमुखी बनाइने'



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री डा सुधा गौतमले नेपालका औषधि उद्योगलाई आत्मनिर्भर मात्र नभई निर्यातमुखी बनाउनुपर्ने बताउनुभएको छ ।

नेपाल औषधि उत्पादक सङ्घले विहीबारदेखि सुरु गरेको १० औँ नेपाल फर्मा एक्स्पोको आज यहाँ आयोजित कार्यक्रममा मन्त्री डा गौतमले सरकार, निजी क्षेत्र र सरोकारवालाबीच समन्वय गरेर काम गर्न सके नेपालको औषधि उद्योगलाई आत्मनिर्भर मात्र नभई निर्यातमुखी बनाउन सकिने बताउनुभयो । नेपालको औषधि उद्योगले पछिल्ला वर्षमा उल्लेखनीय प्रगति गरे पनि अझै धेरै काम गर्न बाँकी रहेको उहाँले बताउनुभयो ।

मन्त्री डा गौतमले कच्चापदार्थको मूल्य बढे पनि नेपाली औषधि कम्पनीले पहिलाकै मूल्यमा औषधि बेच्नुपर्ने बाध्यता रहेको बताउनुभयो । उहाँले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले पनि नेपालको औषधि नियमन प्रणालीलाई हालको अवस्थाबाट अझ उच्चस्तरमा पुर्‍याउन सुझाव दिएको उल्लेख गर्दै त्यसअनुसार सुधारका काम अघि बढाइएको जानकारी दिनुभयो । रासस


# 'पहिलो आमनिर्वाचन २०१५' पहिलो निर्वाचनको अभिलेखीकरण , वर्तमानका लागि दृष्टिविन्दु

काठमाण्डु । "इतिहास केवल अतितको कथा होइन, वर्तमानलाई बुझ्ने मार्ग पनि हो ।'', भारत स्वतन्त्र भएपछिका तत्कालीन प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरुले भने झैं इतिहासका घटनाहरुले वर्तमानलाई बुझाउन मद्दत गर्छ । इतिहासबाट पाठ सिकेर भविष्यको गोरेटो कोर्नुपर्छ पनि भनिन्छ तर इतिहासको विरासतले मात्रै वर्तमान र भविष्य चल्न सक्दैन पनि भनिन्छ ।

मुलुकमा प्रतिनिधिसभाको निर्वाचन (फागुन २१) कै बीच प्रकाशनमा आएको लेखक / पत्रकार विराट अनुपमद्वारा लिखित 'पहिलो आमनिर्वाचन २०१५' ले नेपालको निर्वाचन र लोकतान्त्रिक पद्धतिको इतिहासलाई पुनःस्मरण गराएको छ । पहिलो आम निर्वाचनमा दुई तिहाइको जनमत प्राप्त गरेको नेपाली कांग्रेस पछिल्लो निर्वाचनबाट निकैपछि परेको सन्दर्भले पनि पुस्तकलाई समयसापेक्ष बनाएको छ ।

इतिहासका घटना सम्झन नसक्नेले दुःखद् घटनालाई दोहोर्‍याउन बाध्य हुन्छ भन्ने भनाइलाई पनि निर्वाचन प्रणालीका उतारचढावले प्रदर्शन गर्दै नआएका होइनन् । यस पुस्तकले नेपाली निर्वाचन इतिहासको सोही ऐतिहासिक घटनालाई केन्द्रमा राखेर ' पहिलो आम निर्वाचन २०१५' लाई अभिलेखीकरण गरेको छ । नेपालमा २०१५ साल फागुन ७ गते पहिलो आम निर्वाचन भएको मितिलाई आधार मानेर हरेक फागुन ७ लाई निर्वाचन आयोगले निर्वाचन दिवसका रुपमा मनाउँदै पनि आएको छ । संयोग, त्यही दिन मुलुकको आधिकारिक समाचार समिति (रासस) को पनि स्थापना दिवस हो ।

नेपालको पहिलो आम निर्वाचनमा नेपाली कांग्रेसको 'रुख', नेपाल राष्ट्रवादी गोर्खा परिषद्को झुपडी (घर), संयुक्त प्रजातन्त्र पार्टीको 'धानको बाला', नेपाल कम्युनिष्ट पार्टीको 'मकैका तीन घोगा र हँसिया', नेपाल प्रजा परिषद् (टङ्कप्रसाद आचार्य समूह) को 'धन कोदालो', नेपाल प्रजा परिषद् (भद्रकाली मिश्र समूह) को 'हलो', नेपाली राष्ट्रिय कांग्रेसको 'छाता', तराई कांग्रेसको 'टाउकोमा गहुँको बिटा बोक्ने कृषक', प्रजातान्त्रिक महासभाको 'हात' निर्वाचन चिन्ह रहेको थियो । स्वतन्त्र उम्मेदवार विभिन्न निर्वाचन चिन्हमा लडेका थिए ।




देशभरका १०९ क्षेत्रमा भएको उक्त निर्वाचनमा उम्मेदवारको धरौटी रु २५० र खर्चसीमा रु पाँच हजार रहेको रोचक तथ्यहरु पनि पुस्तकमा रहेका छन् । त्यस निर्वाचनमा १०९ स्थानका लागि ७८६ उम्मेदवार रहेकामा नेपाली कांग्रेसले ७४ स्थानमा विजय हासिल गरेको थियो । दुई तिहाइ मत ल्याएसँगै सो दलबाट बिपी कोइराला प्रधानमन्त्री बन्नुभएको थियो । आफूले सोचे भन्दा बढी मत कांग्रेसले पाएपछि तत्कालीन राजा महेन्द्र र कांग्रेस तथा प्रधानमन्त्री कोइरालाबीच दूरी बढेको सन्दर्भ पुस्तमा रहेको छ । त्यही दूरी बढेको घटनाक्रमले २०१७ पुस १ गते राजाले प्रधानमन्त्रीलाई अपदस्थ र संसद् विघटन गरी तीस वर्षसम्म पञ्चायती शासन चलाएको इतिहास ताजै छ ।

जेनजी आन्दोलनपछि विशेष परिस्थितिमा भएको प्रतिनिधिसभा निर्वाचनको परिणाम कतिपयलाई रोचक लागिरहेका बेला प्रकाशित पुस्तकले नेपालको पहिलो संसदीय निर्वाचनको पृष्ठभूमि, प्रक्रिया, राजनीतिक वातावरण तथा परिणामलाई तथ्यगत, खोजपरक र विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरेको छ ।पुस्तकमा २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि विकसित राजनीतिक परिस्थिति, तत्कालीन राजतन्त्र र दलहरुको अन्तरसङ्घर्ष, प्रजातन्त्रको सवलीकरणका लागि दलहरूको सक्रियता, ती दलहरुभित्रका विवाद र गुट-उपगुट आदिलाई चर्चा गरिएको छ । नेपालको लोकतान्त्रिक प्रणाली, राजाको निरकुङ्शता र संवैधानिक विकासक्रमलाई विस्तृतरूपमा व्याख्या गरिएको पुस्तक राजनीति शास्त्रका जिज्ञाशुहरुका लागि गहकिलो खुराक भएको छ ।

मुलुकमा २००७ सालमा प्रजातन्त्र आए पनि किन २०१५ सालमा मात्रै संसदीय निर्वाचन हुन पुग्यो र त्यो निर्वाचन हुन कसरी सम्भव भयो,भन्ने ऐतिहासिक सन्दर्भलाई बुझ्न पुस्तकले सघाएको छ । अन्तरराष्ट्रिय मामिलाका पनि अध्येता अनुपमकृत पुस्तकमा त्यसबेलाको निर्वाचन व्यवस्थापन, दलहरूको चुनावी रणनीति, निर्वाचन घोषणापत्र, मतदाताको सहभागिता तथा निर्वाचन परिणामलाई विभिन्न स्रोत र तथ्याङ्कका आधारमा प्रस्तुत गरेका छन् । त्यसबेलाका दल र उम्मेदवार, निर्वाचन चिन्ह, निर्वाचन क्षेत्र र निर्वाचन गराउने अधिकृतहरु, प्राप्त मत परिणाम पनि समावेश गरिएको छ । यसअघि निर्वाचन आयोगबाट नेपालको निर्वाचन इतिहासका शृङ्खलाबद्ध पुस्तक प्रकाशन भए पनि राजनीतिक स्थिति र विवेचनासहितको यस प्रकारको पुस्तक भने बजारमा उपलब्ध थिएन ।

निर्वाचनसम्बन्धी ऐतिहासिक दस्तावेज, तथ्याङ्क र अभिलेखको प्रयोग विवरणात्मक नभइ विश्लेषण र विवेचनात्मकरुपमा प्रस्तुत गरिएको छ । नेपालमा लोकतान्त्रिक अभ्यासको प्रारम्भिक चरण बुझ्न चाहने पाठक, अनुसन्धानकर्ता तथा विद्यार्थीका लागि यो पुस्तक उपयोगी स्रोत बन्न सक्छ ।लेखक अनुपम पत्रकारितमै सक्रिय रहेकाले पुस्तकको भाषाशैली सरल र सुस्पष्ट देखिन्छ । इतिहासका विषय पढ्न निरस लाग्ने भए पनि लेखकको विवरण केलाउने र रोचक बनाउने शैलीले पुस्तक पढ्दा पाठकलाई अल्छी लाग्दैन ।

नेपालको संसदीय इतिहासमा महत्वपूर्ण मानिने यस प्रकाशनले २०१५ सालअघि र पछिका राजनीति घटनाक्रमलाई पनि मूल्याङ्कन गर्न प्रेरित गरेको मान्न सकिन्छ । पछिल्लो समयमा अहिलेको युवा पुस्ताको राजनीतिक सहभागिता र उनीहरुको अपेक्षा एवं चाहनालाई राज्यका नीति निर्माण तथा सेवा प्रवाह (सुशासन) मा प्रकट हुनुपर्ने सन्दर्भ जोडतोडका साथ उठिरहेका बेला नेपालको पहिलो आम निर्वाचनताका पनि फरक शब्दावलीमा ती विषय उठेकै रहेछन् भन्ने देखिन्छ । नयाँ पुस्तकले मुलुकको राजनीति र लोकतान्त्रिक अभ्यासबारे चासो दिनु आफैमा प्रणालीका लागि सकारात्मक पक्ष हो । यस पक्षलाई मनन् गर्न सघाउन पुस्तक उपयोगी हुने देखिन्छ । पहिलो आम निर्वाचन भएका बेला मुलुकमा यातायात र सञ्चारलगायत साधनको अपर्याप्तताका कारण चरणबद्धरुपमा निर्वाचन भएको र निर्वाचनको परिणाम आइपुग्दासम्म ८० दिन लागेका विवरण पुस्तकमा समोटिएको छ ।

'बुक हिल' प्रकाशनद्वारा प्रकाशित पुस्तकमा अधिकांशः त्यस समयमा उपलब्ध अखिलेख र तथ्याङ्क तथा विवेच्य पक्षहरु समावेश भए पनि 'तथ्याङ्कीय टेबुलेसन', त्यसबेलाका तस्बिर भने समेटिएको छैन । यस्तै त्यसबेला अस्तित्वमा रहेका दलहरु र तिनका धारहरु अहिलेका कुन दल र पक्षसँग गाभिए वा कसरी बिलाएर गए भन्ने पक्षको पनि विशलेषण गरिएको भए सुनमा सुगन्ध हुने थियो । समग्रमा नेपालको निर्वाचन इतिहास लोकतान्त्रिक उतारचढावलाई मिहीन रुपमा अध्ययन र विश्लेषण गर्ने पुस्तक सामयिक देखिन्छ ।रासस

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रुपमा विकसित गरिने




बागमती । बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेश सरकार अन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विश्वविद्यालयको रुपमा विकास गरिने जानकारी दिनुभएको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत हेटौंडा अस्पतालको थप २०० शय्याको (विशिष्टकृत सेवा ) नवनिर्मित भवनको विहीबार शुभारम्भ गर्नुहुँदै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई निकट भविष्यमै विश्वविद्यालयको रुपमा विकास गर्ने कामको थालनी गरिसकेको बताउनुभयो ।

"मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएका विद्यार्थी प्रमाणपत्र लिने बेलासम्ममा मदन भण्डारी स्वास्थ्य विज्ञान विश्वविद्यालय भइसक्नेछ", मुख्यमन्त्री बानियाँले भन्नुभयो,"त्यसका लागि प्रदेश सरकारले काम अघि बढाइसकेको छ, छिट्टै त्यसले पूर्णता पाउनेछ ।" लोकतन्त्र गरिबको व्यवस्था भएकाले गरिबलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउन प्रतिबद्ध रहेको उल्लेख गर्नुहुँदै उहाँले हेटौंडा अस्पतालमा जनशक्ति र भौतिक पूर्वाधारको अभाव हुन नदिने बताउनुभयो ।

चुनावको बेला राजनीति स्वभाविक भए पनि जनताको स्वास्थ्य र शिक्षाको क्षेत्रमा राजनीति हुन नहुने जिकिर गर्नुहुँदै मुख्यमन्त्री बानियाँले स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौंडा अस्पताल बाहेक प्रदेशको १३ वटै जिल्लाका अस्पतालमा पनि विशेषज्ञ सेवा दिने गरी काम गर्नुपर्ने बताउनुभयो ।

प्रतिष्ठानबाट उत्पादन हुने जनशक्तिले प्रदेशका सबै जिल्ला र पालिकास्तरमा रहेका अस्पतालहरुमा पनि स्वास्थ्य सेवा पुर्‍याउन सहयोगी हुने विश्वासव व्यक्त गर्नुहुँदै उहाँले अब सिक्दै र सिकाउँदै गरी शिक्षा दिनुपर्ने औँल्याउनुभयो ।

स्वास्थ्य क्षेत्रमा सुधार गर्दै नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउन प्रदेश सरकार प्रयासरत रहेको बताउनुहुँदै मुख्यमन्त्री बानियाँले हेटौंडा अस्पतालमा यसअघि डाइलोसिस सेवाका लागि १४ वटा मेसिन जडान गरिएकोमा अहिले एकै पटक थप १६ वटा बढाएर ३० वटा पुर्‍याइएको बताउनुभयो ।

बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापा मगरले प्रदेश अन्तर्गतका जिल्ला अस्पताल तथा स्वास्थ्य संस्थामा औषधि तथा उपकरणको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । गरिबका छोराछोरीलाई डाक्टर बन्न प्रदेश सरकारले छात्रवृत्ति लगायतका कार्यक्रमसमेत सञ्चालन गरेको बताउनुहुँदै स्वास्थ्यमन्त्री थापा मगरले उपचारको अभावमा कुनै पनि नागरिकलाई ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिने बताउनुभयो ।

पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, प्रदेश सरकारका पूर्व स्वास्थ्यमन्त्री एकालाल श्रेष्ठ लगायतले अस्पतालको भवन निर्माणसँगै अस्पतालको सेवा विस्तारमा सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो । सहरी विकास तथा भवन कार्यालय मकवानपुर हेटौंडाका प्रमुख इञ्जिनियर भूपेन्द्रकुमार यादवका अनुसार भ्याटसहित कूल रु २६ करोड ६४ लाख २५ हजार २८० को लागतमा सो अस्पताल भवन निर्माण गरिएको हो ।रासस


**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र**
**गौर, रौतहट**

**प्राङ्गारिक मल खरिदको लागि बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२।११।२९**

१. कृषि ज्ञान केन्द्र रौतहटले आ.व.२०८२।८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रमको लागि प्राङ्गारिक मल खरिदका लागि योग्य बोलपत्रदाताहरूबाट राष्ट्रियस्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत आर्थिक वर्ष २०८२-८३ को लागि बोलपत्र आहान गर्दछ ।

**तपसिलः**

| बोलपत्र ठेक्का नं. | विवरण | जम्मा लागत अनुमान रकम भ्याट र कन्टिन्जेन्सी बाहेक | बोलपत्र कागजात वापतको दस्तुर | बोलपत्र मान्य हुने अवधि | बोलपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| AKC/RAUTAHAT/ Supply/NCB/01/082/83 | प्राङ्गारिक मल आपूर्ति | ५१,५९,१००।- | रु,३०००।- | ९० दिन | १,५४,५००।- | ढुवानी समेतको एकमुष्ठ दररेट दिनुपर्ने |

**थप जानकारी तथा प्रक्रियाः**

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय (तीस) भित्र बोलपत्र सम्बन्धी कागजात बापतको दस्तुर (राजस्व दाखिला गर्ने तरिकाः- https://revenue.fcgo.gov.np यो लिङ्कमा गई रु.३०००।- गरी फिर्ता नहुने यस कार्यालयको कार्यालय कोड ३१२०१२००१२ को राजस्व शिर्षक नं १४२२९ दाखिला गरी वा कार्यालयमा उपस्थित भई सक्कल बोलपत्र कागजात खरिद गर्न सकिनेछ ।

| विवरण | मिति | समय |
|---|---|---|
| बोलपत्र खरिद गर्ने | २०८२।१२।२८ गते | कार्यालय समय भित्र |
| बोलपत्र दर्ता | २०८२।१२।२९ गते | १२:०० बजे भित्र |
| बोलपत्र खोल्ने | २०८२।१२।२९ गते | २:०० बजे देखि |

**बोलपत्र जमानत**
- दाखिला गर्ने बैंक रा.बा. बैंक (कार्यालय कोडः ३१२०१२००१२)
- रकम रु.१५४५००/-
- खाता नं. १२१०१००२०२०३००००
- खाताको नामः प्र. हले. नि. का.

३. उल्लिखित मिति र समय पछि प्राप्त कागजातहरू स्वीकार गरिने छैन ।
४. बोलपत्रदाताले कबोल गरेको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा फरक भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइने छ । बोलपत्रमा केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनु पर्नेछ ।
५. बोलपत्र जमानत वापतको रकम प्र. ले. नि. का को राष्ट्रिय बाणिज्य बैंकको धरौटी खाता नम्बर १२१०१००२०२०३००००० (कार्यालय कोड ३१२०१२००१२) मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत पत्र पेश गर्नु पर्नेछ। बोलपत्र जमानतको मान्य अवधि बोलपत्र मान्य हुने अवधि भन्दा कम्तिमा पनि ३० दिन बढी (तीस) हुने गरी जम्मा १२० दिनको हुनु पर्नेछ ।
६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोहि समयमा अन्तिम मिति कायम हुनेछ।
७. कुनै वा सबै बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।
८. अन्य विषयहरू प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।
९. **संलग्न गर्नुपर्ने कागजातहरुः**
- प्रदेश वा स्थानियमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- संस्था नबिकरण प्रमाणपत्र वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी अधावधिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- संस्था सम्बन्धी स्थायी लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आ व २०८१।८२ को करचुक्ता तथा लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
- आधिकारिक प्रतिनिधिको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- कालो सूचिमा नरहेको जानकारी पत्र ।
- ढुवानी खर्च जिल्ला भरीको समेतको एकमुष्ट प्रस्ताव गर्नुपर्ने ।
- आफुले विकि गर्ने प्राङ्गारिक मलको नमुना संगै ल्याउनुपर्ने ।
- प्रतिवेदन प्राङ्गारिक मलको आधिकारिक परीक्षण एक महिना भित्रको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (प्राङ्गारिक तथा जिवाणु मल निर्देशिका, २०७८ बमोजिम)
- स्थानिय तहमा सूचिकरण भएका आपूर्तिकर्ताको हकमा वार्षिक ५०० मे टन भन्दा बढी प्राङ्गारिक उत्पादन तथा आपुर्ति गर्न पाउने छैन ।।
- प्रचतिल नियम बमोजिमका अन्य कागजातहरु ।

**नोटः** यो सूचना यस कार्यायिलको वेबसाइट https://akcrautahat.madhesh.gov.np मा समेत उपलब्ध छ। अन्य जानकारीको लागी कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं. ९८५५०४०१२९ मा समेत सम्पर्क गर्न वा कार्यालयमा उपस्थित भइ समेत जानकारी लिन सकिनेछ ।

**कार्यालय प्रमुख**



**रामगोपालपुर नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
**रामगोपालपुर, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/११/२९)**

यस कार्यालयबाट मिति २०८२/१०/२१ र २३ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन , २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Bidder's Name | Bidding Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | NCB/WORKS/DT/ RGPMUN/082/83-03 | Deep Tubewell Jadan Karya | Chaturrup nirman sewa pvt ltd , tamakoshi RM-05 , Dolakha | 2,306,518.52 |
| 2 | NCB/WORKS/MRMB/ RGPMUN/082/83-04 | Mahendra Ra. Ma. Bi. Ramgopalpur ko Bhawan Nirmaan Karya | Anurag Builder , Ekdara-4 | 5,693,663.40 |
| 3 | NCB/WORKS/SPS/ RGPMUN/082/83-06 | Sautiniya Pokhari Saundaryakaran , Ramgopalpur-3 | Buddha Construction & engineering consultancy, Bhanu chowk | 6,322,149.16 |

**प्रमुख प्रशासकीय अधिकृत**

# युद्ध अन्त्यका लागि इरानका तीन शर्त



एएनआई

तेहरान । इरानले अमेरिका र इजरायलसँग जारी युद्ध अन्त्य गर्न तीन प्रमुख शर्त अघि सारेको छ। युद्ध तेह्रौँ दिनमा प्रवेश गरिरहँदा तेहरानले आफ्नो अधिकारको मान्यता, क्षतिपूर्ति र भविष्यमा आक्रमण नहुने अन्तर्राष्ट्रिय ग्यारेन्टी नभएसम्म सङ्घर्ष रोक्न नसकिने स्पष्ट पारेको छ।

इरानी राष्ट्रपति मसुद पेजेस्कियानले सामाजिक सञ्जाल एक्समार्फत रुस र पाकिस्तानका नेतासँग भएको कुराकानीपछि आफ्नो देश शान्तिप्रति प्रतिबद्ध रहेको दोहोऱ्याउनुभएको छ । उहाँका अनुसार 'यहुदी शासन र अमेरिकाले भड्काएको' यो युद्ध अन्त्य गर्ने एक मात्र उपाय भनेको इरानका वैध अधिकारलाई अन्तर्राष्ट्रिय रूपमा स्वीकार गर्नु, युद्धबाट भएको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउनु र भविष्यमा इरानमाथि आक्रमण नहुने कडा अन्तर्राष्ट्रिय ग्यारेन्टी दिनु हो।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि संयुक्त आक्रमण गरेपछि युद्ध सुरु भएको थियो। सो आक्रमणमा इरानका सर्वोच्च नेता अयातुल्ला सैयद अली खामेनी, उच्च सैन्य कमान्डरहरू तथा सर्वसाधारणको मृत्यु भएको थियो। त्यसपछि इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजीसी) ले इजरायलका विभिन्न स्थानलाई लक्षित गर्दै प्रतिआक्रमण सुरु गरेको घोषणा गरेको थियो ।संयुक्त राष्ट्रसङ्घका लागि इरानका स्थायी प्रतिनिधि अमिर-सइद इरवानीका अनुसार फेब्रुअरी २८ यता अमेरिकी र इजरायली सैन्य कारबाहीका कारण महिला तथा बालबालिकासहित कम्तीमा एक हजार ३४८ सर्वसाधारणको मृत्यु भएको छ भने १७ हजारभन्दा बढी घाइते भएका छन्।

यसबीच संयुक्त राष्ट्र सुरक्षा परिषद्ले खाडी सहयोग परिषद् (जिसिसी) देशहरू र जोर्डनमाथि इरानले गरेको आक्रमणको निन्दा गर्दै प्रस्ताव पारित गरेको छ । १५ सदस्यीय परिषद्मा प्रस्तुत उक्त प्रस्ताव १३-० मतले पारित भएको थियो । प्रस्तावलाई बहराइनले नेतृत्व गरेको थियो र १३० भन्दा बढी देशले सह-प्रायोजन गरेका थिए, जसमा भारत पनि समावेश छ। चीन र रुस मतदानमा सहभागी भएनन्।

प्रस्तावमा बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र जोर्डनमाथि इरानले गरेको आक्रमणलाई अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन भन्दै कडा शब्दमा निन्दा गरिएको छ। साथै होर्मुज जलडमरूमध्य बन्द गर्ने इरानी चेतावनीप्रति पनि गम्भीर चिन्ता व्यक्त गरिएको छ।

यसै क्रममा इराकको सुरक्षा मिडिया सेलका प्रमुख साद मानका अनुसार इराकको तट नजिक दुई तेल ट्याङ्करमा आक्रमण भएको छ। उक्त घटनामा ३८ जना चालक दलका सदस्यलाई उद्धार गरिएको छ भने एक जनाको मृत्यु भएको पुष्टि गरिएको छ ।उता इस्लामिक रिभोलुसनरी गाड्र्स कर्प्सले 'अपरेसन ट्रु प्रोमिस-४' को ४०औँ चरण सुरु भएको घोषणा गरेको छ।

इरानको मेहर समाचार एजेन्सीका अनुसार यसअन्तर्गत अमेरिकी सैन्य आधार, तेल अभिव र हाइफा क्षेत्रमा विभिन्न मिसाइल प्रहार गरिएको छ। 'गदर', 'इमाद', 'खेबर शेकान' र 'फताह' नामका मिसाइलहरू प्रयोग गरिएको दाबी गरिएको छ।

इरानले खाडी क्षेत्रका तेल ट्याङ्करहरूमा आक्रमण गरेको तथा होर्मुज जलडमरूमध्य बन्द गरेको घटनाले विश्व ऊर्जा आपूर्तिमा असर परेको छ। यसले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढाएको छ ।राज्य सञ्चारमाध्यम प्रेस टिभीले सार्वजनिक गरेको भिडियोमा पर्सियन खाडी र होर्मुज जलडमरूमध्य क्षेत्रमा जहाजहरूको गतिविधि कडाइका साथ निगरानी भइरहेको देखाइएको छ। उक्त फुटेजमा इरानी सुरक्षा बलका स्पिडबोटहरू सक्रिय रहेको र सानो गतिविधि भए पनि जहाजहरू लक्ष्य बन्न सक्ने चेतावनी दिइएको देखिन्छ।

न्युयोर्क टाइम्सका अनुसार इरानको प्रतिआक्रमणले पश्चिम एसियाभर रहेका कम्तीमा १७ अमेरिकी सैन्य आधार तथा अन्य संरचनामा क्षति पुऱ्याएको छ । यो निष्कर्ष स्याटेलाइट तस्बिर, सामाजिक सञ्जाल भिडियो, अमेरिकी अधिकारीहरूको भनाइ र इरानी राज्य सञ्चारमाध्यमका रिपोर्टहरूको विश्लेषणपछि निकालिएको हो।

बहराइन, जोर्डन, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स र साउदी अरेबियामा रहेका अमेरिकी आधारहरू पनि आक्रमणको निशानामा परेको बताइएको छ। तीमध्ये अमेरिकी थाड मिसाइल रक्षा प्रणालीका रडारहरू सबैभन्दा महँगो क्षति भएको उल्लेख गरिएको छ ।यसका साथै इराक, कुवेत, संयुक्त अरब इमिरेट्स र साउदी अरेबियामा रहेका अमेरिकी कूटनीतिक नियोगहरूमा पनि आक्रमण भएको जनाइएको छ ।यसबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका युद्ध जितेको दाबी गर्नुभएको छ। तर मिशन पूर्ण रूपमा सम्पन्न नभएसम्म अमेरिकी सेना क्षेत्रमै तैनाथ रहने उहाँले बताउनुभएको छ।

## युद्धले भारतीय रेस्टुरेन्टमा ग्यास सङ्कट



एएफपी

बेङ्गलुरु। मध्यपूर्वमा चर्किएको युद्धको प्रभाव भारतसम्म पुगेको छ। इरानसँगको द्वन्द्वका कारण आपूर्ति अवरुद्ध भएपछि खाना पकाउने ग्यास अभाव हुँदा भारतका रेस्टुरेन्टहरू मेनु घटाउने, सेवा सीमित गर्ने र वैकल्पिक इन्धन खोज्ने अवस्थामा पुगेका छन् ।दक्षिण भारतको प्रविधि केन्द्र बेङ्गलुरुस्थित म्याडको रेस्टुरेन्टले ग्यास बचत गर्न लोकप्रिय परिकारहरू हटाउने निर्णय गर्नुपरेको जनाएको छ। रेस्टुरेन्टका निर्देशक सन्तोष अब्राहमका अनुसार ग्यास बचत गर्न खाजा सेवा पनि अस्थायी रूपमा बन्द गरिएको छ।

उहाँले सम्भावित सङ्कटको सङ्केत पहिले नै देखिए पनि यसको असर यति चाँडै देखिने अपेक्षा नगरेको बताउनुभयो ।भारत विश्वको दोस्रो ठूलो तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी) आयातकर्ता हो, जसको करिब ९० प्रतिशत आपूर्ति होर्मुज जलडमरूमध्य हुँदै आउँछ। हाल युद्धका कारण यो मार्गको ढुवानी गम्भीर रूपमा प्रभावित भएको छ ।भारतका लाखौँ रेस्टुरेन्टहरू खाना पकाउन ग्यास सिलिन्डरमा निर्भर छन्।

प्रदूषण नियन्त्रणका कारण सरकारले धेरै ठाउँमा कोइला र दाउरा प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्न निर्देशन दिएको छ।

आयात प्रभावित भएपछि भारत सरकारले घरपरिवार र अत्यावश्यक क्षेत्रलाई प्राथमिकता दिँदै ग्यास वितरण कडा बनाएको छ। यसले रेस्टुरेन्ट, उद्योग र विद्युत् उत्पादन क्षेत्रमा दबाब बढाएको छ। बेङ्गलुरुको 'गुरिल्ला डाइनर' नामक बर्गर रेस्टुरेन्टका सुस शेफ ध्रुव थपलियालले अहिले व्यवसाय टिकाइराख्न नै सङ्घर्ष भइरहेको बताउनुभयो। उहाँका अनुसार रेस्टुरेन्टमा जम्मा साढे दुई सिलिन्डर ग्यास मात्र बाँकी छ। यदि ग्रिल चलाइयो भने डेढ दिन मात्र पुग्ने र फ्रायर मात्रै चलाए चार दिनसम्म टिक्न सक्ने उहाँले बताउनुभयो।

## ऊर्जा सुरक्षामा चीनको कडाइ

एएफपी

बेइजिङ। मध्यपूर्वमा चर्किएको युद्धले विश्व ऊर्जा बजारमा अस्थिरता बढिरहेका बेला चीनले आफ्नो ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै परिष्कृत तेल उत्पादनको निर्यातमा कडाइ गरेको समाचार सार्वजनिक भएको छ। ब्लुमबर्ग न्युजका अनुसार बेइजिङले पेट्रोल, डिजेल र जेट इन्धनजस्ता रिफाइन्ड तेल उत्पादनको विदेश पठाउने प्रक्रिया सीमित बनाउन थालेको छ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र मानिने चीन कच्चा तेलको सबैभन्दा ठूलो आयातकर्तामध्ये एक हो। चीनका विशाल रिफाइनरी उद्योगले मुख्यतया घरेलु बजारलाई आपूर्ति गर्ने भए पनि उसले पेट्रोल, डिजेल र



जेट इन्धनजस्ता परिष्कृत तेल उत्पादन विदेश पनि पठाउँदै आएको छ। आधिकारिक भन्सार तथ्याङ्कअनुसार गत वर्ष चीनले करिब पाँच करोड ८० लाख टन रिफाइन्ड तेल उत्पादन निर्यात गरेको थियो।

तर मध्यपूर्वमा बढ्दो युद्ध तनावका कारण अहिले चिनियाँ तेल रिफाइनरीहरूले पहिले नै सहमति भएका केही निर्यात कार्गोहरू रद्द गर्न थालेका छन्। ब्लुमबर्ग न्युजले यस विषयमा जानकारी राख्ने तर पहिचान नखुलाइएका स्रोतहरूलाई उद्धृत गर्दै यस्तो जानकारी दिएको हो ।रिपोर्टअनुसार पछिल्लो निर्देशन अघिल्लो हप्ता दिइएको मार्गनिर्देशनभन्दा अझ कडा मानिएको छ। त्यसबेला ढुवानी अस्थायी रूपमा रोक्ने सल्लाह दिइएको भए पनि त्यसलाई अनिवार्य निर्देशनको रूपमा बुझिएको थिएन।

बिहीबार बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा यस विषयमा सोधिएको प्रश्नमा चीनको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले आफू यस रिपोर्टबारे जानकार नभएको बताउनुभयो ।इरानमा अमेरिका र इजरायलबीच सुरु भएको युद्धपछि विश्व ऊर्जा बजार निकै अस्थिर बनेको छ। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बिहीबार प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ। खाडी क्षेत्रका केही राज्यमा तेहरानले गरेको आक्रमणका कारण ऊर्जा आपूर्ति अवरुद्ध हुने चिन्ता बढेको छ।

यस अवस्थालाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले रणनीतिक भण्डारबाट कच्चा तेल ठूलो परिमाणमा बजारमा ल्याउने घोषणा गरेको थियो। तर चीन उक्त एजेन्सीको पूर्ण सदस्य नभएकाले संयुक्त रूपमा गरिएको त्यस्तो निर्णयमा सहभागी हुन बाध्य छैन ।त्यसैबीच मध्यपूर्वबाट ऊर्जा आपूर्ति प्रभावित हुने चिन्ता अझै कम भएको छैन। विश्व कच्चा तेल आपूर्तिको झण्डै पाँचौँ भाग ओहोरदोहोर गर्ने होर्मुज जलडमरूमध्य अहिले प्रभावकारी रूपमा बन्दजस्तै अवस्थामा पुगेको छ।

विश्लेषण फर्म क्लेपरका अनुसार गत वर्ष चीनले समुद्री मार्गबाट आयात गरेको कुल कच्चा तेलमध्ये आधाभन्दा बढी हिस्सा मध्यपूर्वबाट आएको थियो ।यद्यपि विश्लेषकहरूका अनुसार चीनले वर्षौंदेखि रणनीतिक रूपमा ठूलो तेल भण्डार तयार पार्दै आएकाले छोटो अवधिमा सम्भावित आपूर्ति अवरोध सामना गर्न सक्ने स्थिति छ ।क्लेपरको अनुमानअनुसार चीनसँग करिब एक अर्ब २० करोड ब्यारेल बराबरको स्थलमा रहेको कच्चा तेल भण्डार छ। यो परिमाण समुद्री मार्गबाट हुने आयातका आधारमा करिब ११५ दिनका लागि पर्याप्त मानिन्छ।

यसअघि कारखाना स्तरमा बढ्दो मुद्रास्फीति देखिएपछि बेइजिङले सन् २०२१ मा आफ्नो रणनीतिक तेल भण्डारबाट केही मात्रा बजारमा ल्याउन अनुमति दिएको थियो। त्यो निर्णय राष्ट्रिय खाद्य तथा रणनीतिक भण्डार प्रशासनले घोषणा गरेको थियो ।तर हालको विश्व ऊर्जा बजारको उथलपुथलबीच उक्त निकायले अहिलेसम्म यस्तै नयाँ कदम घोषणा गरेको छैन।

# खाडीमा इरानी आक्रमण, तेल १०० डलर नाघ्यो

एएफपी

तेहरान। मध्यपूर्वमा जारी युद्धका बीच इरानले खाडी क्षेत्रका ऊर्जा पूर्वाधार र जहाजहरूलाई लक्षित गर्दै नयाँ ड्रोन तथा क्षेप्यास्त्र आक्रमण सुरु गरेपछि विश्व ऊर्जा बजारमा थप अस्थिरता देखिएको छ । बिहीबार बिहान मात्रै दुई तेल ट्याङ्करमा आक्रमण भएको केही घण्टामै अन्तर ाष्ट्रिय बजारमा कच्चा तेलको मूल्य पुनः उकालो लाग्दै प्रतिब्यारेल १०० डलर नाघेको छ। तेहरानले खाडी क्षेत्रका छिमेकी देशहरू तथा इजरायलतर्फ नयाँ आक्रमणको लहर चलाएपछि क्षेत्रीय तनाव झनै चर्किएको छ। इरानले यो युद्ध लामो समयसम्म चल्न सक्ने चेतावनी दिँदै त्यसले विश्व अर्थतन्त्रलाई 'ध्वस्त पार्न सक्ने' दाबी गरेको छ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान अन्ततः पराजयको दिशामा पुगेको दाबी गर्नुभएको छ । यद्यपि उहाँले युद्ध तत्काल समाप्त नहुने चेतावनी पनि दिनुभयो । अमेरिकाले इरानको पूर्वाधारमा आक्रमण गर्न सक्ने सङ्केत दिँदै त्यसको पुनर्निर्माण गर्न एक पुस्ता लाग्न सक्ने उहाँले बताउनुभयो। अमेरिका र इजरायलले सुरु गरेको यो युद्ध विस्तार हुँदै जाँदा क्षेत्रका विभिन्न देशहरू प्रभावित भएका छन्। लेबनानमा इजरायली आक्रमण तीव्र बनेको छ । त्यहाँ अधिकारीहरूका अनुसार हालसम्म ६३० भन्दा बढी मानिसको मृत्यु भएको छ भने आठ लाखभन्दा बढी नागरिक विस्थापित भएका छन्।

खाडी क्षेत्रमा पनि सुरक्षा अवस्था तनावपूर्ण बनेको छ । इरानी आक्रमणपछि बहराइनले बासिन्दाहरूलाई घरभित्रै बस्न र झ्याल बन्द राख्न आग्रह गरेको छ। साउदी अरेबियाले सायबाह तेल क्षेत्रतर्फ गइरहेका ड्रोनहरू रोकिएको जनाएको छ । ओमानको सलालाह बन्दरगाहस्थित इन्धन ट्याङ्कीमा ड्रोन प्रहार भएपछि त्यहाँका केही सञ्चालन अस्थायी रूपमा रोकिएका छन्।


## Aurahi Rural Municipality
## Deuri Parwaha, Dhanusha
## Madhesh Province, Nepal

### INVITATION FOR ONLINE BIDS

**Second Date of publication: 13-03-2026**

Aurahi Rural Municipality, Office of the Rural Municipal Executive, Deuri Parwaha, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding ( NCB/SQ). Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID No. and Description | Bid Document Price (Non Refundable) | Last Date and Time of Bid Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount Nrs. | Validity Period |
| 1 | RE/04/SQ/WORKS/ARM/082/83 Construction of Compound Wall at Chakkar Shankar Janata Ma.Vi. School | Nrs. 1000 | 29/03/2026 (Within 12:00 hrs) | 29/03/2026 At 13:00 hrs | 45 days From the last date of bid submission | Rs 45000.00 | 30 days beyond the validity period of the bid |

**Chief Administration Officer**

## Loharpatti Municipality
## Office of Municipal Executive
## Loharpatti, Mahottari

### INVITATION FOR ONLINE BID

**(IFB/LM/SQ/WORKS/2082/083-01)**

**Date of publication: 2082/11/29 B.S. (13th March 2026 AD)**

1. Loharpatti Municipality invites following electronic bids from eligible national bidders under national competitive bidding.
2. The details of the project is as following.

| Contract ID | Description of works | Estimated Amount | Bid security Amount (NRS) | Bid document Fee (NRS) | Bid Validity/Bid Bond validity period | Last date of bid Document Purchase | Last date of bid Submission | Bid opening Date and place |
|---|---|---|---|---|---|---|---|---|
| LM/SQ/WORKS/ 2082/083-01 | Wada karyalaya ko adhuro karya pura garne karya (Loharpatti Municipality-7, Bhramarpura) | NRs. 19,62,035. 93 (Including Vat & PS) | NRs 45.000.00 | NRs 1,000.00 | 45days/75 days after last date of bid submission | 29th March 2026, 12:00 PM | 29th March 2026, 12:00 PM | 29th March-2026, 14:00 PM |

3. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** NIC Asia Bank **Name of Office:** Loharpatti Municipality.
   **Office Code no.:** 801021810 **Office Account no.:** 1362050028753002
   **Account Name:** GA 1.1 ANTARIK RAJASHWA KHATA-LOHARPATTI MUNICIPALITY
4. Cash Deposit Account for Bid Security:
   **Bank Name :-** NIC Asia Bank **Bank Address:** Loharpatti Municipality.
   **Account holder's Name:-** Lobarpatti Municipality. **Account Number:** D6CA000929952403
   **Account Name:** GA 3-DHARAUTI KHATA-LOHARPATTI MUNICIPALITY
3. Eligible Bidders may contact Loharpatti Municipality at 9854031520 and obtain further information from PPMO's Website www.bolpatra.gov.np./egp.

**Chief Administrative Officer**

# ग्लोबल आइएमई बैंकद्वारा "नन् रेसिडेन्ट र ओभरसिज बैंकिङविभाग" स्थापना

टुडे समाचारदाता

काठमाण्डु। ग्लोबल आइएमई बैंक लिमिटेडले विदेशमा बसोबास गरिरहेका नेपालीहरुका लागि डेडिकेटेड र पूर्ण बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यले नन् रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागकोस्थापना तथा शुभारम्भ गरेको छ।

बिहीबार बैंकमा आयोजित एक विशेष कार्यक्रमबिच बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त विभागको औपचारिक शुभारम्भ गर्नुभएको छ।

नेपालमै पहिलो पटक सुरु गरिएको यस विभागमार्फत बैंकले आफ्नो अन्तर्राष्ट्रिय उपस्थिति, प्रविधि र सेवा संयन्त्रलाई एकीकृत गर्दै विश्वभर रहेका आफ्ना ग्राहकहरुलाई विशेष ग्राहयताका साथ एकद्वार प्रणालीमार्फत् सेवा प्रदान गर्नेछ।

बैंकको यस विभागबाट विदेशमा रहेका नेपालीहरुलाई सम्पूर्ण बैंकिङ सेवाहरु जस्तै बैंक खाता खोल्ने, कर्जा प्रदान गर्ने, ट्रान्जेक्सन बैंकिङ सम्बन्धी सेवाहरु प्रदान गर्ने, पुँजीबजार तथा पोर्टफोलियो व्यवस्थापन लगायतका सेवाहरू उपलब्ध गराउने छ।

विदेशमा रहेका नेपालीहरूलाई सेवा उपलब्ध गराउन बैंकले ग्राहकहरुलाई ग्राहक सेवा नम्बर, इमेल,वैदेशिक प्रतिनिधि कार्यालय तथा काठमाडौंको नक्सालस्थित यस विभागको कार्यालयमार्फत विभिन्न सेवाहरु उपलब्ध गराउने छ।

विभिन्न देशमा रहेका नेपालीहरुको सेवामा सहजीकरणका लागि बैंकले सहायता कक्ष स्थापना गरी बैंकिङ सेवा सञ्चालन गर्नेछ। बैंकले भविष्यमा यस सेवा कक्षमार्फत् ग्राहकहरुलाई २४ सै घण्टा सेवा प्रदान गर्नेछ।

सन् २००७ मा स्थापना भएदेखि ग्लोबल आइएमई बैंकले विश्वभर रहेका नेपाली आप्रवासी तथा डायस्पोराको सेवालाई निरन्तर प्राथमिकता दिँदै बैंकिङ सेवाहरु प्रदान गर्दै आइरहेको छ।



बैंकले विगत दुई दशकमा विश्वव्यापीरुपमा रेमिट्यान्स सञ्जाल विस्तार, अन्तर्राष्ट्रिय बैंकहरूसँगको सहकार्य सुदृढीकरण,संयुक्त अधिराज्य, अष्ट्रेलिया र भारतमा प्रतिनिधि कार्यालय स्थापना, आप्रवासी-केन्द्रित बैंकिङ सेवाहरुको विकास तथा विभिन्न १० देशभन्दा बढि देशमा रहेका बैंकका कर्मचारीहरुमार्फत् बैंकिङ सेवाहरु प्राथमिकतामा प्रदान गर्दैआएको छ।

विदेशमा रहेका ग्राहकहरुले भौगोलिक दूरी वा भौतिक उपस्थितिको कुनै अवरोध बिना नेपालमा सहज, झन्झटरहित बैंकिङ सेवा पाउनुपर्छ भन्ने बैंकको बुझाइ रहेको छ।

विभागको औपचारिक उद्घाटन गर्दै ग्लोबल आइएमई बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले रोजगारी तथा अन्य कामको शिलसिलामा विदेशमा बसोबास गर्ने हरेक नेपाली नागरिक नेपालको विकास र प्रगतिका महत्वपूर्ण साझेदार रहेको र यस नयाँ विभागबाट बैंकले प्रदान गर्ने सेवाबाट विदेशमा बस्ने नेपालीलाई आफ्नो मातृभूमिसँग जोडिन थप सहयोग पुग्ने बताउनुभयो।

"यस नन्-रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागमार्फत ग्लोबल आइएमई बैंकले विदेशमा रहेका नेपाली नागरिकहरुलाई उहाँहरुको आवश्यकता अनुरुप पूर्ण बैंकिङ सेवाहरु प्रदान गर्ने छ। यस विभागले विभिन्न सेवामार्फत उहाँहरुको सपना, लगानी र स्वदेशमा रहेका परिवारसँग जोड्न सहयोग पुऱ्याउनेछ। नेपालीहरू जहाँ भए पनि सहज, द्रूत र पारदर्शी रुपमापूर्ण बैंकिङ सेवा प्रदान गर्ने यो हाम्रो महत्वपूर्ण प्रयास हो।" उहाँले भन्नुभयो।

यसै अवसरमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले यस विभागबाट प्रदान हुने सेवाले विदेशमा बसोबास गर्ने नेपाली नागरिकलाई नेपालसँग जोडिन थप सहज हुने बताउनुभयो।

"यस नन् रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागमार्फत ग्लोबल आइएमई बैंकले रेमिट्यान्स सेवाका अतिरिक्त विदेशमा रहेका नेपालीहरूलाई विदेशमा बस्दाकै बखत नेपालमा लगानी गर्न र उनीहरुको आवश्यकता तथा चाहनालाई पुरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ," उहाँले भन्नुभयो।

उहाँले यस पहलसँगै ग्लोबल आइएमई बैंक विदेशमा रहेका नेपाली नागरिकहरुसँग पूर्ण तथा दीर्घकालीन बैंकिङसम्बन्ध विस्तार गर्ने नयाँ चरणमा प्रवेश गरेको बताउनुभएको छ।

उक्त शुभारम्भ कार्यक्रममा बैंकका सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत, बरिष्ठ व्यवस्थापकहरुको उपस्थिती रहेको थियो।

बैंकले आफूलाई अग्रणी रेमिट्यान्स साझेदार मात्र नभई नेपाली डायस्पोराका लागि भरपर्दो बैंकिङ सेवा प्रदायकका रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ।

यस विभागको कार्यालय ग्लोबल आइएमई बैंकको काठमाडौंको नक्सालस्थित केन्द्रीय कार्यालयमा रहने छ। साथै, विदेशमा बसोबास गर्ने नेपाली नागरिकहरुले नन् रेसिडेन्ट एण्ड ओभरसिज बैंकिङ विभाग मा प्रत्यक्ष फोन, इमेल वा ह्वाट्सएप वा भाइबरको माध्यमबाट सम्पर्क गरी बैंकिङ सेवा लिन सक्नेछन्।

बैंकको प्रत्यक्ष टेलिफोन नम्बरहरु ९७७-०१४५४४५१५,९७७-०१४५३८१०५/०७, इमेल ठेगाना supportremit@gibl.com.np र ह्वाट्सएप वा भाइबर नम्बर ९७७-९८५११९९६४० मार्फत ग्राहकहरुले सम्पर्क गरी बैंकिङ सेवा लिन सक्नेछन्।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो। साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५२ शाखा कार्यालय, ३७९ एटिएम, १४७ शाखा रहित बैंकिगसेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ। बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ।

# आरनको भरमा लुहार दम्पतीको जीविका

कञ्चनपुर। बझाङको बुँगलबाट डेढ वर्षअघि कञ्चनपुर झरेका ५६ वर्षीय शङ्कर लुहार परम्परागत आरन पेसाको भरमा परिवारको जीविका चलाउँदै आउनुभएको छ। शुक्लाफाँटा नगरपालिका-८ फुलेलीमा आरन सञ्चालन गर्दै उहाँले फलाम, तामा र सिल्भरका कृषि तथा घरायसी सामग्री निर्माण गरी गाउँ-गाउँ पुगेर बिक्री गर्दै आउनुभएको छ। सहज जीवनयापनको खोजीमा पहाडबाट तराई झर्नेहरूको सङ्ख्या पछिल्ला वर्षमा बढ्दो छ।

यसैगरी, परिस्थितिमा बझाङको बुँगलका शङ्कर पनि जीविकोपार्जनको नयाँ सम्भावना खोज्दै परिवारसहित कञ्चनपुर झर्नु भएको हो। तराईमा आएपछि उहाँले नयाँ पेसा रोजेनन्, बरु पुर्खौंदेखि गर्दै आएको धातुजन्य सामग्री निर्माण गर्ने परम्परागत सीपलाई नै जीवनयापनको आधार बनाउनु भएको छ। हाल उहाँ फुलेलीमा करिब डेढ कट्ठा जग्गामा कच्ची घर बनाएर बस्दै आउनुभएको छ।

घरकै छेउमा सानो आरन सञ्चालन गरेर शङ्करले विभिन्न प्रकारका कृषि तथा घरायसी प्रयोगका सामान बनाउने काम गर्दै आउनुभएको छ। उहाँले आरनमा फलाम तताएर पिट्दै विभिन्न आकारका सामग्री तयार गर्नु हुन्छ। शङ्करले किसानलाई आवश्यक पर्ने हँसिया, बञ्चरो, चक्कु, दाउ, माना, पाथीलगायतका कृषि औजार बनाउने गर्नुहुन्छ। घरायसी प्रयोगका लागि कडाही, पानी बोक्ने फोला, चरु, कुडीलगायतका सामान पनि आरनमै तयार हुन्छन्। आरनमा तयार गरेका सामग्री स्थानीय बासिन्दाका घरघरमा पुगेर उहाँले बिक्री गर्नुहुन्छ।



शङ्करका अनुसार पहाडमा बस्दा आरनमा बनाइने सामानको राम्रो माग थियो। गाउँका किसान र सर्वसाधारणले स्थानीय रूपमा बनाइएका बलिया र टिकाउ सामान प्रयोग गर्न रुचाउँथे। तर पछिल्लो समय बजारमा कारखानामा बनेका सस्ता र सजिलै पाइने सामान बढ्दै जाँदा परम्परागत आरन पेसा सङ्कटमा परेको उहाँको भनाइ छ।

"पहाडमा बस्दा हामीले बनाएका सामान सजिलै बिक्री हुन्थे," उहाँले विगत सम्झँदै भन्नुभयो, "हामीले बनाउने सामान बलियो र टिकाउ हुन्छन्, तर बजारमा रेडिमेड सामान सजिलै पाउन थालेपछि ग्राहक खोज्नै गाह्रो हुन थाल्यो।"पहाडमा आरनमा बनाइने सामानको माग घट्दै गएपछि उहाँ जीविकोपार्जनको खोजीमा तराई झर्नु भएको हो। तराईमा बजार ठूलो हुने र सामान सजिलै बिक्री हुने अपेक्षा गरेका भए पनि यहाँको वास्तविकता भने फरक देखिएको उहाँ बताउनुहुन्छ।

"यहाँ बजार त ठूलो छ," शङ्करले भन्नुभयो, "तर कारखानामा बनेका सस्ता सामान धेरै पाइन्छन्, हामीले हातैले धातुलाई पिटेर बनाउने सामान बनाउन धेरै मेहनत लाग्छ, त्यसैले लागत पनि बढी पर्छ।""आरनको काम निकै मेहनतिलो हुन्छ, फलामलाई आगोमा तताएर हातौडाले पिट्दै आवश्यक आकार दिनुपर्छ," उहाँ भन्नुहुन्छ, "त्यसपछि धार लगाउने, घिसार्ने र प्रयोगयोग्य बनाउने प्रक्रिया हुन्छ, यो काममा शारीरिक श्रम र अनुभव दुवै आवश्यक पर्छ।"

सामान तयार भएपछि शङ्करले श्रीमतीसँगै ती सामान टाउकोमा बोकेर गाउँ-गाउँ पुगेर बिक्री गर्नु हुन्छ। कहिलेकाहीँ धेरै टाढासम्म पैदल हिँडेर पनि सामान बेच्न जानुपर्ने हुन्छ। आरनमा तयार पारिएका धातुका सामान बिक्री गरेर लुहारले महिनामा करिब रु १० हजारदेखि रु ३० हजारसम्म आम्दानी गर्ने गरेका छ्। तर यो आम्दानी स्थिर भने नहुने गरेको उहाँको अनुभव रहेको छ। ग्राहक कम हुँदा आम्दानी निकै घट्ने गरेको उहाँ बताउनुहुन्छ।"कहिलेकाहीँ ग्राहकले सामान नै किन्दैनन्, बिक्री हुँदैन्," शङ्करले भन्नुभयो, "त्यस्तो बेला थोरै कमाईमै चित्त बुझाउनुपर्छ, यही कामबाट आउने पैसाले घरको चुलो बलिरहेको छ, बालबालिका र जहान पालिएका छन्।"

यस काममा शङ्करलाई उहाँकी श्रीमती किर्रा लुहारले पनि साथ दिँदै आउनुभएको छ। सामान तयार भएपछि उहाँ दुवै जना गाउँ-गाउँ पुगेर बिक्री गर्नुहुन्छ। रासस

# सुनचाँदीको मूल्यमा सामान्य गिरावट

काठमाण्डु। बुधबारको तुलनामा स्थानीय बजारमा विहीबार सुनचाँदीको मूल्यमा सामान्य गिरावट आएको छ। सुनको मूल्य रु दुई हजारले र चाँदीको मोल रु २०५ ले घटेको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार विहीबार छापावाल सुनको मोल प्रतितोला रु तीन लाख १७ हजार कायम भएको छ भने एक तोला चाँदीको मूल्य रु पाँच हजार ५१५ निर्धारण भएको छ। हिजो बुधबार रु तीन लाख १९ हजारमा एक तोला सुन खरिदबिक्री भएको थियो भने एक तोला चाँदीको मूल्य रु पाँच हजार ७२० निर्धारण भएको थियो। गत मङ्गलबार छापावाल सुनको मोल प्रतितोला रु तीन लाख १७ हजार



कायम भएको थियो भने एक तोला चाँदीको मूल्य रु पाँच हजार ७२० निर्धारण भएको थियो। सोमबार एक तोला सुन रु तीन लाख १३ हजार २०० र त्यति नै परिमाणको सेतो धातु रु पाँच हजार ४१० मा कारोबार भएको थियो। रासस


## सटर (कवल) बहाल सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२।११।२९**

यस शाखा कार्यालय मातहतको ज.उ.म.न.पा. वडा नं. ४ स्थित रामचन्द्र गुठी अर्न्तगतका श्री अमरखाना देवी मन्दिरको दक्षिण तर्फका (सटर कवलहरु) नं. १ देखि १६ सम्मका प्रति पसल सटर (कवलहरु) न्यूनतम मासिक बहाल रु.४,०००।-(अक्षेरुपी चार हजार मात्र) राम मन्दिरको दक्षिण तर्फका सटर (कवलहरु) नं. १७ देखि १९ नं. सम्म प्रति सटर न्यून्तम मासिक बहाल रु. ५,५००।- (अक्षेरुपी पाँच हजार पाँच सय मात्र) राम मन्दिरको दक्षिण तर्फका सटर (कवलहरु) नं. २० देखि २३ सम्मका प्रति सटर न्यून्तम मासिक बहाल रु. ३,५००।- (अक्षेरुपी तिन हजार पाँच सय मात्र) र राम मन्दिरका पश्चिम तर्फका सटर २४ देखि २९ सम्मका लागि प्रति सटर (कवलहरु) को न्यूनतम मासिक बहाल रु ७,५००।- (अक्षेरुपी सात हजार पाँच सय मात्र) ५ (पाँच) बर्षका लागि भाडा (बहालमा) बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा संस्था बाट प्रति सटर (कवलहरु) बोलपत्र फारम दस्तुर रु. ३,०००।- (अक्षेरुपी तीन हजार मात्र ) नगद बुझाई (पछि फिर्ता नहुने गरी ) यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रत्येक सटर (कवलका) लागि छुट्टाछुट्टै बोलपत्र फारम खरीद गरी ८ औं दिन, दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको, पेश भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिने छ। थप जानकारीका लागि शाखा कार्यालयमा सर्म्पक गर्नुहोला।

**गुठी संस्थान शाखा कार्यालय**
**जनकपुरधाम, धनुषा**
**सम्पर्क नं. ९८५४०२६७३३**



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/११/२९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**: २०८२/१२/०५ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी

**बोलपत्र खोलिने मिति/समय**: २०८२/१२/०६ गते, शुक्रबार दिनको १ बजे

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : देबसुन्दर आधुनिक कृषी फार्म प्रा.लि.**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. ३०९३१०/०७९/०८०, दर्ता मिति : २०७९/१२/०६, पान नं. ६१०४६८८७०, दर्ता मिति : २०७९/१२/०६<br>ठेगाना : महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ६, **संस्थापक शेयरधनि : देव सुन्दर महतो कोइरी** |
| | **धितोको विवरण** |
| | १. देव सुन्दर आधुनीक कृषी फार्म प्रा.लि.को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ क स्थित कित्ता नं. १६५, १७६, १९८, १९९, ४१२, १६२ र १७४ को क्षेत्रफल क्रमशः ०-१-१५-०, ०-१-१५-०, ०-९-१५.५-०, ०-१-५-०, ०-१४-१९-०, ०-०-१५-०, ०-१-१५-०, महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ ग स्थित कित्ता नं. १४ को क्षेत्रफल ०-५-०-०, महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ ख स्थित कित्ता नं. ४१, ४०१, ४७ र ४३ को क्षेत्रफल क्रमशः ०-७-१३.५-०, ०-१५-१.२५-०, ०-१-०.५.-० र ०-४-५-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| | २. देव सुन्दर आधुनीक कृषी फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय वर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, विजलपुरा वडा नं. १ ग स्थित कित्ता नं. २६७, १०९, १०६, १२४, १२७, १२२, १७६, १०८, ६४ ,१०४, ५९, ५८र १३२ को क्षेत्रफल क्रमशः ०-८-०-०, ०-३-४-०, ०-९-१८-०, ०-७-१६-०, १-८-६-०, ०-८-१०-०, ०-६-१६.२५-०, ०-४-१९-०, ०-९-१०-०, ०-९-१९-०, ०-६-१५-०, ०-५-१५-० र ०-११-४-० र महोत्तरी जिल्ला, २५ न. बहादुरगंज वडा नं. १ क स्थित कित्ता नं. ४९ को क्षेत्रफल ०-५-५.५-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| | ३. देव सुन्दर आधुनीक कृषी फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना वडा नं. ३ ग स्थित कित्ता नं. ८ को क्षेत्रफल ०-६-०-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| | ४. देव सुन्दर महतो कोइरी को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ ख स्थित कित्ता नं. ४० को क्षेत्रफल ०-७-३.५-० तथा महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ४ क स्थित कित्ता नं. ६० को क्षेत्रफल १-३-२.५-०, को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| | ५. देव सुन्दर महतो कोइरीको नाममा मालपोत कार्यालय वर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, विजलपुर्रा वडा नं. १ ग स्थित कित्ता नं. ६१ को क्षेत्रफल ०-५-८-०, को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/२९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

| | |
|---|---|
| **ऋणीको विवरण** | |
| **१.** धनुषा जिल्ला, सोनिगामा गा.वि.स. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषामा मिति २०७१ साल श्रावण महिना ०२ गते प्रा.फ.र.नं. ६८२१/५/०७१/०७२ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७१/०४/०४ मा स्थायी लेखा नम्बर (PAN) ६०२२३४२८१ अन्तर्गत दर्ता कायम भएको **श्रवण कोल्ड ड्रिंक्स सेन्टर**।<br>**प्रोप्राईटर : अनिता कुमारी यादव** | |
| **ऋणी तथा व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| **२.** राम भगत महतो सुडीको बुहारी, श्रवण कुमार महतोको पत्नी, धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. १६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, हंसपुर गा.पा./न.पा. वडा नं. ६ बस्ने **अनिता कुमारी यादव** (ना.प्र.नं. ३३७४८८७३, जारी मिति २०६२/०४/१२, जि.प्र.का. धनुषा)। | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. राम भगत महतो सुडीको बुहारी, श्रवण कुमार महतोको पत्नी, धनुषा जिल्ला, साविक जनकपुर न.पा. वडा नं. १६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, हंसपुर गा.पा./न.पा. वडा नं. ६ बस्ने **अनिता कुमारी यादव** (ना.प्र.नं. ३३७४८८७३, जारी मिति २०६२/०४/१२, जि.प्र.का. धनुषा)। | २. सुवोध महतो सुडिको नाति, राम भगत महतोको छोरा, धनुषा जिल्ला, साविक सोनिगामा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, सोनिगामा गा.पा./न.पा. वडा नं. २ बस्ने **श्रवण कुमार महतो** (ना.प्र.नं. ८९९३४९१२, जारी मिति २०६१/०४/२४, जि.प्र.का. धनुषा)। |
| ३. चौधरी महतो सुडीको नाति, सुवोध महतोको छोरा, धनुषा जिल्ला, साविक सोनिगामा गा.वि.स./न.पा वडा नं. २ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, सोनिगामा गा.पा./न.पा. वडा नं. २ बस्ने **राम भगत महतो सुडी** (ना.प्र.नं. ८९९३०२५६, जारी मिति २०६१/०४/१५, जि.प्र.का. धनुषा)। | |
| **धितोको विवरण** | |
| १. **ऋणी श्रवण किराना स्टोर्स, ऋणी श्रवण कोल्ड ड्रिंक्स सेन्टर र ऋणी अनिता कुमारी यादवको पक्षमा संयक्त धिताबन्धकी कायम रहेको** अनिता कुमारी यादव (ना.प्र.नं. ३३७४८८७३, जारी मिति २०६२/०४/१२, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक सोनिगामा गा.वि.स./न.पा. वडा नं. १ नक्सा सिट नं. १ क स्थित कि.नं. ४९३ र ८३४ को क्षेत्रफल क्रमशः ०-०-८-० र ०-०-१-४ (बिघा) र धनुषा जिल्ला, साविक सोनिगामा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ४९३ को क्षेत्रफल ०-०-१६-० (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |
| २. श्रवण कुमार महतो (ना.प्र.नं. ८९९३४९१२, जारी मिति २०६१/०४/२४, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक सोनिगामा गा.वि.स./न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ स्थित कि.नं. ४६१ को क्षेत्रफल ०-१-३-० (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |
| ३. श्रवण कोल्ड ड्रिंक्स सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण। | |

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

# रौतहटवासीको निवेदनमै लाखौ खर्च



**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी युनिटहरूले पछिल्लो केही समयदेखि पीडित नागरिकको निवेदन नलेखिदिँदा सर्वसाधारणलाई पैसा तिरेर निवेदन लेखाउनुपर्ने बाध्यता भएको छ । यसले रौतहट जिल्लावासीलाई अनावश्यक रूपमा लाखौ रुपैया खर्चिनु परिरहेको छ।

तत्कालीन प्रहरी प्रमुख एसपी दिलिप घिमिरेको निर्देशनमा सुरु गरिएको निःशुल्क निवेदन लेख्ने व्यवस्था बन्द हुन थालेपछि पीडित नागरिकलाई बाहिरबाट पैसा तिरेर निवेदन लेखाउनुपर्ने बाध्यता परेको हो ।

एसपी घिमिरेले रौतहटमा कार्यरत रहँदा गत वर्ष माघ महिनामा गरिब तथा विपन्न नागरिकलाई लक्षित गर्दै ठाडो निवेदन (उजुरी) निःशुल्क रूपमा लेखिदिने व्यवस्था गर्न मातहतका प्रहरी इकाइलाई निर्देशन दिएका थिए । त्यसपछि जिल्लाका सबै प्रहरी कार्यालयहरूमा पीडितलाई निःशुल्क रूपमा निवेदन लेख्ने र आवश्यक फर्म उपलब्ध गराउने व्यवस्था सुरु गरिएको थियो ।

गत वर्ष माघ १२ गते जिल्लास्थित सम्पूर्ण प्रहरी कार्यालयका प्रमुखलाई गरिब तथा विपन्नका लागि निःशुल्क निवेदन लेख्ने व्यवस्था मिलाउन निर्देशन दिइएको थियो । उक्त व्यवस्था सुरु भएको एक महिनामै जिल्लाभर ४२६ जना लाभान्वित भएका थिए।

प्रहरीको विवरण अनुसार इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा ९१, इलाका प्रहरी कार्यालय गरुडामा ५५, जिल्ला प्रहरी कार्यालय रौतहटमा २९ तथा इलाका प्रहरी कार्यालय मौलापुरमा २० जनाले निःशुल्क सेवा लिएका थिए । त्यसैगरी २३४ जनाको निवेदन प्रहरीले नै लेखिदिएको थियो भने १९२ जनाले प्रहरीले उपलब्ध गराएको फर्मेटमा स्वयं निवेदन भरेका थिए।

यसअघि इलाका प्रहरी कार्यालय कटहरिया लगायत अधिकांश थानाचौकी आसपास रहेका केही व्यक्तिले दुई-तीन लाइनको सामान्य ठाडो निवेदन लेखिदिएबापत गरिब पीडितसँग ३ सयदेखि ७ सय रुपैयाँसम्म असुल्ने गरेका थिए ।

औसत ५ सय रुपैयाँका दरले हिसाब गर्दा एक महिनामा मात्र निवेदन लेखाइबापत करिब २ लाख १३ हजार रुपैयाँ स्थानीयको जोगिएको थियो । यही आधारमा वर्षभरको अनुमान गर्दा प्रहरी कार्यालयमै निःशुल्क निवेदन लेखिने व्यवस्थाले जिल्लावासीको २५ लाख रुपैयाँभन्दा बढी रकम बचत भएको देखिएको थियो ।


सानो ठाडो उजुरी लेख्नसमेत पीडित नागरिकले अनावश्यक खर्च गर्नुपरेको विषयमा पत्रकार सन्जय मिश्राले गत वर्ष माघ १० गते सामाजिक सञ्जाल फेसबुकमार्फत एसपी घिमिरेको ध्यानाकर्षण गराएका थिए । त्यसपछि एसपी घिमिरेले फोनमार्फत विषयप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै माघ १२ गतेदेखि नै निःशुल्क निवेदन लेख्ने व्यवस्था लागू गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय रौतहटले ठाडो उजुरीका लागि एक नमुना फर्मेट तयार गरी माघ ११ गते राति नै जिल्लाका सबै प्रहरी कार्यालयमा पठाएको थियो। सो फर्मेट प्रिन्ट गरेर प्रहरीले पीडितलाई उपलब्ध गराउने, पढेलेखेका व्यक्तिले स्वयं भरेर बुझाउने र नपढेका व्यक्तिको हकमा प्रहरीले नै भरिदिने व्यवस्था गरिएको थियो ।

यसरी दर्ता भएका निवेदनकै आधारमा प्रहरीले प्रारम्भिक अनुसन्धान तथा आवश्यक कारबाही प्रक्रिया अघि बढाउँदै आएको जिल्ला प्रहरी कार्यालयले जनाएको थियो। प्रहरी आफैंले निःशुल्क निवेदन लेख्न थालेपछि जिल्लाका विभिन्न थानाचौकी आसपास सञ्चालनमा रहेका दर्जनौं लेखनदासका पसलसमेत बन्द भएका थिए । यो पहलको हजारौं जिल्लावासीले खुलेर प्रशंसा गरेका थिए।

तर एसपी घिमिरेको सरुवा भएपछि केही समयसम्म निरन्तर रहेको उक्त व्यवस्था पछिल्ला केही महिनादेखि बन्द भएको छ। जसका कारण अहिले सामान्य निवेदन लेखाउनसमेत पीडित नागरिकले पैसा खर्च गर्नुपर्ने अवस्था फेरि दोहोरिएको छ ।

# समानुपातिक सूची पठाउने तयारीमा दलहरु




**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोगले समानुपातिकतर्फ दलहरुले पाउने सिट संख्याको बिहीवार बेलुका टुंगो लगाएको छ । आयोगले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै समानुपातिकतर्फ दलहरुले पाउने सिट संख्याबारे जानकारी गराएको हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा )ले सबैभन्दा बढी ५७ सिट प्राप्त गरेको छ। रास्वपा दुई बहुमतका लागि दुई सिटबाट चुकेको छ । दुई तिहाई बहुमतका लागि १८४ सिट हुनुपर्नेमा प्रत्यक्षतर्फको १२५ र समानुपातिकबाट ५७ गरी जम्मा १८२ सिट रास्वपाले पाएको छ।

नेपाली कांग्रेसले २० सिट पाउँदा नेकपा एमालेले १६ सिट पाएको छ । यस्तै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले ९ सिट पाउँदा श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले समान ४ सिट पाएका छन् ।

आयोगका अनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड १२ लाख ८० हजार ६१७ मतदान भएकोमा १ करोड ८ लाख ३५ हजार २५ मत(९६.०५ प्रतिशत) मत सदर भएको थियो ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतगणना सम्पन्न गरी आर्यागले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६०(२) अनुसार सम्बन्धित दलहरुले प्राप्त गरेको कुल सदर मत संख्याका आधारमा प्रचलित निर्वाचन कानुन बमोजिम तोकिएको थ्रेसहोल्ड (तीन प्रतिशत) पार गर्ने ६ दललाई सिट संख्या निर्धारण गरिएको हो । प्रत्यक्षतर्फ पनि रास्वपाले नै सबैभन्दा बढी १२५ सिट प्राप्त गरेको छ।

निर्वाचन आयोगका अनुसार प्रत्यक्षतर्फ ९४.५५ प्रतिशत मत सदर भएको थियो भने समानुपातिकतर्फ ९६.०५ प्रतिशत मत सदर भएको थियो। प्रत्यक्षतर्फ कूल १ करोड ११ लाख ६८ हजार ३२ मत खसेको थियो भने समानुपातिकतर्फ १ करोड १२ लाख ८० हजार ६१७ मत खसेको थियो ।

दलहरूलाई ३ दिनभित्र समानुपातिक उम्मेदवारको नाम छनोट गर्न पत्राचारसमेत गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । आइतवारसम्म दलहरुले समानुपातिक सूचीका उम्मेदवारहरुको नामावली बुझाउनेछ । आयोगको पत्राचार लगतै दलहरु क्लस्टर अनुसार नाम पठाउने तयारीमा जुटिसकेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का १६ जना प्रत्यक्षतर्फका महिला उम्मेदवार मध्ये १३ जना निर्वाचित भएका छन् । महिला उम्मेदवार प्रत्यक्षमा निर्वाचित रास्वपाबाट पुरुष उम्मेदवारले पनि अवसर पाउने निश्चित छ । संघीय संसदमा दलहरुले ३३ प्रतिशत महिला प्रतिनिधित्व गराउनै पर्ने बाध्यकारी कानूनी व्यवस्थाका कारण रास्वपाको बन्दसूचीबाट कम्तिमा ४८ जना महिला संसदमा पुग्ने निश्चित भएको छ ।

रास्वपाबाट ३३ प्रतिशत महिला हुनुपर्नेमा मधेशी महिला क्लस्टरतर्फ मुश्किलले दुई जना अवसर पाउने देखिन्छ । क्लस्टर बाहेक अन्यमा मधेशका महिला मधेसी महिला क्लस्टरतर्फ पहिलो नम्बरमा रहेकी पुनमकुमारी अग्रवाल सांसद बन्ने पक्का देखिन्छ । रास्वपाकी केन्द्रीय सदस्य निशा मेहता मधेसी महिला क्लस्टरमा दोस्रो नम्बरमा रहेकी छन् । मधेसी पुरुषतर्फ सुप्रभात यादव, खगेन्द्र कर्णको सम्भावना छ ।

# मधेशमा घट्यो रास्वपाको समानुपातिक मत



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको ३२ वटा निर्वाचन क्षेत्रमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ३० क्षेत्रमा जित हासिल गरेको छ ।

एउटा क्षेत्रमा उसको उम्मेदवारको उम्मेदवारी नै खारेज भएको थियो भने अर्को एउटा क्षेत्रमा कांग्रेसका उम्मेदवार विजयी भए । धनुषा १ मा रास्वपाका तर्फबाट किशोरी साह कमल उम्मेदवार थिए । उनको नाम कालोसूचीमा रहेको पाइएपछि निर्वाचन आयोगले उम्मेदवारी नै खारेज गऱ्यो ।

रौतहट निर्वाचन क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसका उम्मेदवार फिरदोश आलम विजयी हुँदा रास्वपाका उम्मेदवार शेख सगिर तेस्रो भए । बाँकी ३० क्षेत्रमा प्रत्यक्षतर्फ रास्वपाका उम्मेदवार विजयी भएका हुन् ।

मधेश प्रदेशका सबै निर्वाचन क्षेत्रबाट विजयी भएका र पराजित भएका रास्वपाका सबै उम्मेदवारको मत जोड्दा १० लाख ६५ हजार ९७८ पुग्छ । समानुपातिकतर्फ रास्वपाले पाएको मत यो भन्दा बढी छ । निर्वाचन आयोगका अनुसार मधेश प्रदेशबाट रास्वपाले समानुपातिकतर्फ १३ लाख ४६८ मत पाएको छ ।

# निर्वाचन प्रहरीको विदाई



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभा सदस्य निर्वाचनमा खटेका निर्वाचन (म्यादी) प्रहरीको ४० दिनको डियूटी पश्चात बिहीवार मधेशका विभिन्न जिल्लामा विदाई गरिएको छ।

खुला प्रतियोगिताबाट छनोट गरी तालिम तथा नियुक्ति पश्चात् मतदान केन्द्रहरूमा खटाइएका निर्वाचन प्रहरीले कुशलता र इमानदारीताका साथ आफ्नो जिम्मेवारी सफलतापूर्वक पूरा गरेको भन्दै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेलले उनीहरुलाई प्रमाणपत्र सहित बधाई दिदैं विदाई गरेका हुन् ।

चुनावमा माघ १८ गते निर्वाचन प्रहरीलाई नियुक्ति दिइएको थियो । उनीहरु बिहीवार औपचारिक रुपमा बिदा भएर घर फर्किएका हुन् । धनुषाका जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र सशस्त्र प्रहरीको जिल्लास्थित गणबाट औपचारिक रुपमा बिदाई गरिएको हो ।

यस्तै सर्लाहीमा समेत औपचारिक रुपमा निर्वाचन प्रहरीको विदाई गरिएको छ । सर्लाहीमा नेपाल प्रहरीले ३ हजार ९१७ र सशस्त्र प्रहरीले ३८५ जना निर्वाचन प्रहरी नियुक्त गरेका थिए। उनीहरुलाई प्रमाण-पत्र प्रदान गर्दै अबिर लगाएर बिदा गरिएको हो ।

मधेश प्रदेशका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सुमनकुमार तिमल्सिनाले मधेश प्रदेशको आठ जिल्लाको प्रत्येक प्रतिनिधि तथा प्रदेशसभाको चुनावमा सुरक्षाका प्रयोजनको लागि २३ हजार सात सय ७१ म्यादी प्रहरी खटाएको थियो ।

सप्तरीमा तीन हजार दुई सय ७८, सिराहामा दुई हजार आठ सय नौ, धनुषामा तीन हजार चारसय ८६, महोत्तरीमा दुई हजार आठ सय एक, रौतहटमा दुई हजार नौ सय ३९, बारामा तीन हजार एक सय ४४ र पर्सामा दुई हजार सात म्यादी प्रहरी खटाइएको थियो । प्रदेशका सबै जिल्लामा ११ हजार आठ सय २७ महिला र ५५ हजार ५७ पुरुषको दरखास्त परेको थियो ।

मधेशको आठवटै जिल्लामा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षा निकाय र निर्वाचन प्रहरी गरी ६० हजारभन्दा वढी सुरक्षाकर्मीहरू परिचालन गरिएको थियो ।

नेपाल प्रहरीले मधेशमा रहेका १० हजार प्रहरी, केन्द्रबाट थप पाँच हजार र २८ हजार निर्वाचन प्रहरी गरी ४३ हजार सुरक्षाकर्मी खटाएको थियो । प्रत्येक निर्वाचन क्षेत्रमा एक प्रहरी नायब उपरीक्षकको नेतृत्वमा दुईजना प्रहरी निरीक्षक रहने गरी खटाइएको थियो ।

यस्तै, सशस्त्र प्रहरी बल नेपालले मधेश प्रदेशमा ६ हजार ८७४ जना सशस्त्र प्रहरी र तीन हजार १३५ जना निर्वाचन प्रहरी गरी १० हजार नौजना सुरक्षाकर्मी खटाइएको सशस्त्र प्रहरी बल नेपालका केन्द्रीय प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले जानकारी दिएका थिए ।

# मृतक महिलाको पहिचान खुल्यो

**टुडे समाचारदाता**

लहान । सिरहाको औरही गाउँपालिका- ५ औरही गाउँको दक्षिणतर्फ नेपाल-भारत सीमा नजिकै रहेको पोखरीमा बुधबार मृत भेटिएकी महिलाको पहिचान खुलेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाले जनाए अनुसार औरही- ५ की चन्द्रकला यादवले पोखरीमा भेटिएकी महिलाको शव आफ्नी बुहारीको रहेको सनाखत गरिएको छ। मृतक महिला वैदेशिक रोजगारीमा रहेका औरही- ५ का सरोजकुमार यादवकी श्रीमती करिब २२ वर्षीया खुश्बु यादव रहेको खुलेको प्रहरीले जनाएको छ।

शव सिरहा प्रादेशिक अस्पतालबाट पोष्टमार्टमका लागि धरानस्थित वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।



उनका अनुसार परिवारका सदस्यहरुसँग गरिएको प्रारम्भिक सोधपुछ र अनुसन्धानमा मृतक महिला मंगलबार दिउँसो घाँस काट्न जान्छु भन्दै बोरा र कचिया लिएर घरबाट निस्किएको बुझिएको छ । 'प्रहरीले घटनाको विषयमा थप अनुसन्धान गरिरहेको छ, पोष्टमार्टम भएपछि थप केही खुल्छ' उनले भने ।

रातो समिज सुरुवाल, गलामा मंगलसूत्रसमेत लगाएकी महिलाको नाकबाट हल्का रगतसमेत देखिएकाले अन्यत्र हत्या गरी पोखरीमा ल्याएर फालिएको हुन सक्ने स्थानीयले आशंका गरेको भएपनि प्रहरीले भने अनुसन्धान नगरी केही भन्न नसकिने जनाएको छ। औरही गाउँपालिकाका पूर्वअध्यक्ष सिद्धार्थ यादवको कुखुरा फर्मको पोखरीमा घोप्टो परेर तैरिरहेको अवस्थामा भेटिएकी महिलाको शव तत्काल प्रहरी चौकी औरही र जिल्ला प्रहरीबाट आएको टोलीले आवश्यक कानुनी प्रकृया पूरा गरी प्रादेशिक अस्पताल पठाएको थियो ।

पूर्वपश्चिम हुलाकी सडकबाट करिब पाँच सय मिटर दक्षिण नेपाल भारत सीमा नजिक रहेको घटनास्थल पोखरीको उत्तरपट्टि डिलमा बोरा, कचिया, चप्पलसमेत भेटिएको थियो । श्रीमान् विदेशमा रहेकाले प्रायः माइतीमै बस्दै आएकी मृतक महिला करिब १५ दिनअघि मात्र ससुरा दुःखी यादव लिन गएपछि घर फर्किएको माइती पक्षले जनाएका छन् ।







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८